म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २२१ आइतबार, १० चैत २०८१ ने. सं. ११४५ चिल्लागा 23 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## साहित्य संगमको ३ सय ५३ औं नियमित साहित्य सन्ध्या

हेटौंडा, ९ चैत/साहित्य संगम मकवानपुरले ३ सय ५३ औं नियमित साहित्य सन्ध्या एवम् सांगीतिक कार्यक्रम गरेको छ । साहित्य संगम एवम् सिस्नुपानी नेपाल मकवानपुरको संयुक्त भवनमा आयोजित कार्यक्रममा स्रष्टाहरुले आफ्नो रचनाका साथै सांगीतिक प्रस्तूती राखेका थिए । संगमका अध्यक्ष डिबी बर्तौलाको अध्यक्षता तथा भीम भिराग संगीत साहित्य कला प्रतिष्ठान मकवानपुरका अध्यक्ष केशवलाल श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा सहभागीले गीत, कविता, गजल र मुक्तक रचनावाचन गरेका थिए । कार्यक्रममा साहित्यकार तथा साहित्यसेवी तुल्सी घिमिरे, श्यामकुमार बानियाँ, सुवास खनाल, मुक्तिगोविन्द बैद्य, देवराज खरेल, रमेशमोहन अधिकारी, रामचन्द्र भण्डारी, कृष्णप्रसाद दाहाल, भावना सापकोटा, राजकुमार लामिछाने, एकसे निधन, देवराज तिवारीलगायतको उपस्थिति रहेको थियो ।

# कुलेखानी जलविद्युत् चौबिसै घण्टा सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/भारतबाट दिनमा १२ घण्टा मात्रै बिजुली आयात हुन थालेपछि कुलेखानी जलविद्युत् आयोजनालाई चाप परेको छ ।



नेपाल विद्युत् प्राधिकरणको ब्याकअपकारुपमा रहेको कुलेखानी जलाशययुक्त जलविद्युत् आयोजनामा केही दिनदेखि २४ घण्टामा पानीको सतह सरदर ३६ सेन्टिमिटर घट्न थालेको छ । कुलेखानी जलाशयमा बिहीबार दिउँसो २ बजेतिर एक हजार ५ सय २३ मिटर ८२ सेन्टिमिटर पानीको सतह पुगेको थियो । शुक्रबार दिउँसो २ बजेतिर एक हजार ५ सय २३ मिटर ४६ सेन्टिमिटरमा झरेको थियो । शनिबार यही समयमा जलासयको पानी थप ३६ सेमि घटेको छ । भारतबाट दिनको १२ घण्टा मात्रै बिजुली आयात हुन थालेपछि कुलेखानीका तीनवटै जलविद्युत् आयोजना चौबीसै घण्टा सञ्चालन गरिएको कुलेखानी प्रथमका प्रमुख तारादत्त भट्टले बताए ।

'अहिले चौबीसै घण्टा कुलेखानीका तीनवटै आयोजना सञ्चालनमा छन्,' भट्टले भने, 'कुलेखानी जलाशयको पानीको सतह दिनहुँ ३५ देखि ४० सेन्टिमिटर सम्म घट्न थालेको छ ।' बुधबार र बिहीबार चौबीसै घण्टा कुलेखानी आयोजना सञ्चालन गरिएको छ । यसवर्षको बर्खामा कुलेखानी जलाशय ओभरफ्लो भएर ड्यामको २ वटै ढोका खोलिएको थियो । समुन्द्री सतहबाट एक हजार ५ सय ३० मिटर पानी अट्ने क्षमता भएको कुलेखानी जलाशय गत असोज १० मा पूर्णरुपमा भरिएएर ओभरफ्लो भएको हो ।

जलासयको बाँध भरिएपछि जोखिम बढेको भन्दै असोज ११ मा ड्यामको ढोका खोलिएको थियो । मकवानपुरको उत्तरीक्षेत्रमा रहेको थाहा नगरको दामन, पालुङ, बज्रबाराही, चित्लाङ एवम् ईन्द्रसरोवर गाउँपालिकाको मार्खु र फाखेल जलाधार क्षेत्रमा भारी वर्षा भएका कारण कुलेखानी जलाशय भरिएर ओभरफ्लो भएको थियो । सुक्खायाम सुरु भएपछि कुलेखानी जलाशययुक्त आयोजना सञ्चालन गरिएको हो ।

हालसम्म जलाशयको पानीको सतह ६ मिटर १८ सेन्टिमिटर घटिसकेको छ । कुलेखानी जलाशयमा एक हजार ४ सय ८३ मिटर पानीको सतह अन्तिम बिन्दु हो । पानीको सतह एक हजार ४ सय ८३ मिटरमा पुगेपछि विद्युत् उत्पादन गर्न सकिन्न । गतवर्षको सुक्खायाममा जलाशयको पानी झन्डै अन्तिम बिन्दुसम्म उपयोग गरिएको थियो । कुलेखानी जलाशयको पानी एक हजार ४ सय ८४ मिटरसम्म तल झर्दा प्रयोग गर्न सकिने प्राधिकरणले जनाएको छ । जलाशयमा संकलित पानीमध्ये ४६ मिटर मात्र विद्युत् उत्पादनमा प्रयोग गर्न सकिन्छ ।

कुलेखानी प्रथमबाट ६०, दोस्रोबाट ३२ र तेस्रोबाट १४ गरी एक सय ६ मेगावाट विद्युत् उत्पादन हुने प्राधिकरणले जनाएको छ । कुलेखानी जलाशयमा संकलित पानीबाट तीनवटै आयोजनाले विद्युत् उत्पादन गर्छन् । ३ सय मिटर चौडाइ र सात किलोमिटर लम्बाइ रहेको कुलेखानीको जलाशय नेपालको सबैभन्दा ठूला जलासययुक्त आयोजना हो । सुक्खायाममा सञ्चालन गर्न कुलेखानी जलाशयमा बर्खाको पानी संकलन गरेर राखिएको भट्टले बताए ।

कुलेखानी जलविद्युत् आयोजनाको जलाशयको पिँधको सतहमा माटो बढेकाले ६ करोड ३३ लाख युनिट विद्युत् उत्पादनमा कमी आएको बताइएको छ । सुरुमा जलाशयमा संकलित पानीबाट २१ करोड ११ लाख युनिट विद्युत् उत्पादन हुने गर्थ्यो तर, अहिले त्यो क्षमतामा ह्रास आएर १४ करोड ४७ लाख युनिट मात्र विद्युत् उत्पादन हुन्छ । जलाशयको पानी संकलन क्षमतामै ह्रास आएकाले विद्युत् उत्पादनमा कमी आएको हो ।

जलासयको पिंधमा माटो र गेग्रान भरिँदै गएपछि यसले विद्युत उत्पादन प्रभावित हुन्छ । करिब २७ मिलियन क्युसेक पानी अट्ने क्षमतामा ह्रास आएको कुलेखानी प्रथमका एक प्राविधिकले बताए । बर्सेनि जलाधार क्षेत्रबाट खोलाले बगाएर ल्याउने ढुंगा, माटो, बालुवा र पातपतिंगर जलाशयमा थुपार्ने गरिएकाले सरोवरको सतह बढेपछि पानी अट्ने क्षमता साँघुरिँदै गएको हो ।

सुरुमा कुलेखानी जलाशयमा ८५ दशमलव ३ मिलियन क्युसेक पानी अट्थ्यो । त्यो क्षमतामा ह्रास आएर अहिले ५९ दशमलव ९९ मिलियन क्युसेकमा झरेको छ । कुलेखानी सञ्चालनमा आएको ४१ वर्षमा १३ मिटरभन्दा बढी जलाशयको पिँधको सतह वृद्धि भएको बताइएको छ । सरोवरको सतह बढेकाले जलाशयको पानी संकलन गर्ने क्षमतामा ३० प्रतिशत गिरावट आएको हो । विद्युत् उत्पादनमा पनि ३० प्रतिशतले ह्रास आएको छ ।

जलाशयको पानी क्षमतामा ह्रास आएपछि सुरुको अवस्थाको तुलनामा विद्युत् प्राधिकरणले वार्षिक करिब ३५ करोड रुपैयाँ नोक्सानी बेहोर्दै आएको छ । २०३९ सालमा कुलेखानी जलविद्युत् आयोजना प्रथम सञ्चालनमा आउँदा जलाशयमा संकलित पानीमध्ये ५७ मिटर पानी विद्युत् उत्पादन गर्न प्रयोग गर्न सकिन्थ्यो । २०५० सालको बाढीपछि जलाशयमा संकलितमध्ये ५० मिटर मात्र पानी विद्युत् उत्पादन गर्न सकिन्थ्यो । अहिले ४६ मिटरमात्र पानी विद्युत् उत्पादन गर्न प्रयोग गर्न सकिन्छ । जलाशयमा 'डेब्रिज' यसरी थुप्रिँदै गएपछि विद्युत् उत्पादन गर्न प्रयोगमा आउने पानीको सतह घट्दै गएको छ ।

# भाषा संरक्षणमा सरकारसँगै नेवार समुदाय सक्रिय हुनुपर्ने



साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/नेपाल भाषाको संरक्षण र प्रवर्द्धनमा सरकारलाई झक्झ्याउँदै नेवार समुदाय सक्रिय हुनुपर्नेमा नेपाल भाषा प्रवर्द्धन कार्यक्रमका सहभागीले जोड दिएका छन् ।

बागमती प्रदेश सरकारले तामाङसँगै नेपाल भाषालाई सरकारी कामकाजको भाषाको रुपमा कार्यान्वयन गरिरहेकोले नेवार समुदाय जागरुक हुन आग्रह गरिएको हो । बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालय अन्तरगतको पर्यटन कार्यालय काठमाडौं र नेपाल भाषा एकेडेमीको संयुक्त आयोजनामा हेटौंडामा शनिबार कार्यक्रम भएको हो । कार्यक्रममा नेपाल भाषा एकेडेमीले नेपाल भाषालाई बागमती प्रदेश सरकारले कामकाजको भाषा घोषणा गरेको सन्दर्भमा भाषिक जागरण अभिमुखीकरणका लागि आधारपत्र प्रस्तुत गरेको थियो ।

कार्यक्रम हेटौंडा उपमहानगरपालिका-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुखआतिथ्य तथा भाषा अभियन्ता पौभा सायमीको अध्यक्षतामा भएको थियो । प्रमुख अतिथि महर्जनले भाषा मासिएपछि जातमात्रको खासै अस्थित्व नहुँने भन्दै भाषा संरक्षण र प्रवर्द्धनमा नेवार समुदाय सचेत हुनुपर्ने तर्क गरे । 'भाषा, संस्कृति भनेको जात, समुदायसँगै देशको साझा सम्पती हो,' उनले थपे-'तर, राज्य र सरकार लाई खबरदारी गर्दै नेपाल भाषाको विकास र विस्तारमा नेवार समुदाय पनि उत्तिकै सक्रिय हुनुपर्दछ ।'

नेपाल देशको अस्तित्व विश्वसामु राख्न संयुक्त राष्ट्रसंघमा नेपालले नेपाल भाषा पेश गरेको सन्दर्भको चर्चा गर्दै वडाअध्यक्ष महर्जनले भाषा र संस्कृतिमा गर्व गर्दै अघि बढ्न सकेमात्र विकासले दीर्घकालीन गति लिने बताए । भाषा अभियन्ता सायमीले नेपाल भाषाको महत्व नेवारजातिको लागि मात्र नभएर देशकै सम्पत्ति भएकोले सबै सचेत र जिम्मेवार हुनुपर्ने बताए । 'भाषा विलिन हुनु भनेको सम्पदा, संस्कृति, विचार बिलिन हुनु हो,' उनले भने, 'त्यसैले नेपाल भाषा सिक्न र जगेर्ना गर्न सबैले भूमिका खेल्न ढिला गर्नुहुन्न ।'

अंग्रेजी, जर्मन, कोरियन, जापानिज भाषा पढेर विदेशिनेको संख्या अत्यधिक बढेकोप्रति उनले आफ्नो भाषाप्रति गर्व गर्ने र प्रयोग, संरक्षण नगर्नाले आफ्नै अस्तित्व लोप हुने भन्दै चेतावनी दिए । कार्यक्रममा नेपाल भाषा एकेडेमीका प्राज्ञ विद्या चित्रकार, पाटन क्याम्पसका प्राध्यापक किशोर नेपाली, नेपाली काँग्रसका नेता अशोक शाक्य, सामाजिक विकास मन्त्रालयकी लैङ्गीक सम्पर्कव्यक्ति चन्द्रकुमारी व्यञ्जनकार, नेवा: देय् दबु: बागमती प्रदेशका प्रमुख सचिव गणेशकुमार श्रेष्ठ लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

मकवानपुरसहित नुवाकोट, दोलखामा पनि आजै कार्यक्रम सम्पन्न भएको नेपाल भाषा एकेडेमीका व्यवस्थापक शान्तराज शाक्यले बताए । कार्यक्रम आयोजना गरिने ९ जिल्लामध्ये चितवन, धादिङ र काभ्रेपलाञ्चोकमा पनि सम्पन्न भइसकेको उनले बताए । रामेछाप, सिन्धुली र थप एक जिल्लामा चाँडै कार्यक्रम गरिने बताइएको छ ।

# विशाल सत्संग समारोह आयोजना




साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/हंसलोक जनकल्याण समितिको आयोजनामा विशाल सत्संग समारोह आयोजना गरिएको छ ।

हेटौंडा-१० स्थित टिसिएनचौरमा आयोजित भव्य कार्यक्रममा भारत र नेपालका विभिन्न जिल्लाका ५ हजार भन्दा बढी श्रद्धालु भक्तजनको उपस्थिति रहेको थियो ।

संस्थाका प्रणेता भोलेजी महाराज एवम् माता मंगलाजीले कार्यक्रममा सम्बोधन गरेका थिए । साथै विशाल सत्संग संगीतमय भजनकीर्तनको समेत आयोजना गरिएको थियो । आध्यात्मिकज्ञानको प्रचारप्रसार, मानवसेवा एवम् वैदिक सनातन धर्मको बारेमा ज्ञान दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

आध्यात्मिकज्ञानमार्फत् पारस्परिक प्रेम, मानवीय एकता, सामाजिक सद्भाव तथा विश्व शान्तिको वातावरण बनाउन सत्संग प्रभावकारी बन्ने आयोजकको विश्वास रहेको छ ।

यसैबीच, हेटौंडा उपमहानगरपालिका-३ लेवटमा नवनिर्मित हंसलोक आश्रम भवनको उद्घाटन गरिएको छ । यसका साथै समितिको तर्फबाट सामाजिक कार्यस्वरुप हेटौंडा-१९ वडा कार्यालयको व्यवस्थापन रहने गरी एम्बुलेन्स समेत प्रदान गरिएको छ ।

# भाइस गर्भनरमा अधिकारीको उमेद्वारी घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/लायन्स क्लब अफ हेटौंडाका पूर्वअध्यक्ष एमजेएफ लायन सुदर्शनप्रसाद अधिकारीलाई लायन्स क्लब इन्टरनेशनल ३२५ एस नेपालका लागि सेकेण्ड भाइस गर्भनर पदका लागि सर्वसम्मत उम्मेदवार घोषणा गरिएको छ ।

शनिबार एरिया-२ का एरिया चिफ किसन घिसिङको अध्यक्षतामा बसेको बैठकले एरिया-२ बाट अधिकारीलाई एकल उम्मेदवारको रुपमा सर्वसम्मत समर्थन प्रदान गरेको हो । प्रारम्भमा एरिया-२ बाट तीनजना आकांक्षी रहेका भएपनि अंकिता सुमार्गी र जेपी यादवले अधिकारीलाई समर्थन गर्दै मार्ग प्रशस्त गरेका थिए । बैठकमा जेपी यादवले अधिकारीको प्रस्तावकको भूमिका निभाए भने अंकिता सुमार्गी समर्थकका रुपमा रहे । बैठकमा लायन्स क्लब इन्टर नेशनल ३२५ एस नेपालका पूर्वगभर्नर एमजेएफ लायन शम्भु नकर्मी, गभर्नर तासीडोल्मा तुम्बाहाङफे, सचिव गौरी चिमरियालगायत विभिन्न अध्यक्ष, पदाधिकारी र सदस्यको उल्लेखनीय उपस्थिति थियो ।



अध्यक्ष घिसिङको नेतृत्वमा अधिकारीलाई खादा र मालापहिरन गर्दै सबैले आउँदो वैशाख ६ गते हुने जिल्ला अधिवेशनमा सफलताको शुभकामना व्यक्त गरे । अधिकारीले आफूलाई एकल उम्मेद्वार चयन गरेकोमा धन्यवाद व्यक्त गर्दै भने, 'लामो समयदेखि लायन्स क्लबमा निरन्तर क्रियाशील छु । गाउँदेखि सहरसम्म सामाजिक सेवाका विभिन्न अभियानमा आर्थिक, नैतिक, भौतिक सहयोग गर्दै आएको छु । तपाईंहरुको विश्वास र समर्थनले मलाई अझ जिम्मेवार बनाएको छ । मेरो अनुभव र समर्पणलाई उत्कृष्ट काममार्फत् प्रमाणित गर्नेछु ।'

वैशाख ६ गते हुने अधिवेशनमा सबैलाई सहभागी भई मतदान गर्न अनुरोध गर्दै आफूलाई भारी मतले विजयी गराउन उनले अपिल गरे । अधिकारीले नेपालमा लायनवादलाई अझ सशक्त बनाउन दृढ प्रतिबद्धता व्यक्त गर्दै आफू चुनावी मैदानमा उत्रिएको बताए । लायन्स क्लब इन्टरनेशनल ३२५ एसअन्तर्गत पर्ने हेटौंडा क्षेत्र (एरिया-२) बाट आगामी लायनेष्टिक वर्ष २०२५/२०२६ का लागि सेकेण्ड भाइस डिस्ट्रिक्ट गभर्नर पदमा अधिकारीको उम्मेदवारीलाई लायन्स क्लब अफ हेटौंडाले सर्वसम्मत समर्थन गरेको हो । नेपालकै चौथो क्लबको रुपमा स्थापित लायन्स क्लब अफ हेटौंडाले लामो समयपछि यो पदमा उम्मेदवारी दिने अवसर पाएको अध्यक्ष तुल्सी रिजालले जानकारी गराए ।

अधिकारीको व्यक्तिगत पहलमा हेटौंडा-९ कर्रामा लायन्स प्राकृतिक चिकित्सालय भवन निर्माणाधीन अवस्थामा रहेको अध्यक्ष रिजालले जानकारी गराएका छन् । अधिकारीले आगामी दिनमा लायन्स क्लब ३२५ एस डिस्ट्रिक्टको नेतृत्व गर्दै सामाजिक सेवामा नयाँ आयाम स्थापित गर्ने लक्ष्य लिएको उल्लेख गरे ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विद्युत प्रसारण प्रणालीमा सुधार गर्दै प्राधिकरण

नेपाल विद्युत प्राधिकरणले विद्युत प्रसारण प्रणाली 'विद्युत हाइवे' सुदृढ बनाउने कार्यमा सफलता हात पार्दै आएको छ । हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभीए प्रसारण लाइन आयोजनाअन्तर्गत ढल्केबर-बारा खण्ड निर्माणकार्य सकिएपछि प्राधिकरणलाई थप सफलता मिलेको हो । देशभित्रको विद्युत प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन र नेपाल(भारत बीचको विद्युत व्यापार विस्तारका लागि यो प्रसारण लाइन निर्माण भइरहेको छ । धनुषाको ढल्केबर सबस्टेसनदेखि पश्चिमतर्फ पर्ने महोत्तरी, सर्लाही, रौतहट हुँदै बारा र मकवानपुरको सीमानामा पर्ने सरस्वती डाँडासम्मको १०० किलोमिटर प्रसारण लाइन निर्माण सकिएको हो । धनुषाको ढल्केबर बाट पूर्वतर्फ पर्ने सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसम्मको १५४ किलोमिटर ४०० केभीए डबल सर्किट प्रसारण लाइन निर्माण निर्माण सकिएर गत असारबाट सञ्चालनमा आइसकेको छ । ढल्केबरबाट पश्चिमतर्फको विद्युत प्रवाहलाई थप सहज बनाउन रौतहटको चन्द्रनिगाहपुर बजारनजिक रहेको जंगलसम्मको करिब ६० किलोमिटर ४०० केभीए प्रसारण लाइनको एउटा सर्किटलाई १३२ केभीएमा सञ्चालनमा ल्याइएको छ ।

हाल चालु रहेको पूर्वपश्चिम १३२ केभीए प्रसारण लाइनलाई यही स्थानमा ट्यापिङ गरी बिहीबार नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको उपस्थितिमा ४०० केभीए प्रसारण लाइनलाई १३२ केभीएमा चार्ज गरिएको हो । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले ढल्केबरबाट पश्चिमतर्फ र पश्चिमबाट ढल्केबरतर्फ विद्युत पठाउन हाल रहेको पूर्वाधार संरचनाको बाधा हटाउन निर्माण सम्पन्न भएको ४०० केभीएलाई १३२ केभीएमा चार्ज गरिएको बताए । हिउँदयाममा देखिएको ऊर्जा अभावलाई समाधान गर्न ढल्केबर-मुजाफरपुर अन्तर्देशीय प्रसारण लाइनबाट दिउँसो थप विद्युत भारतबाट आयात गर्न सकिन्छ, यसबाट कुलेखानी जलाशय, माथिल्लो तामाकोशी, कालीगण्डकी, मर्स्याङ्दी, मध्यमर्स्याङ्दीजस्ता अर्धजलाशययुक्त आयोजनाको पानी दिउँसो जम्मा गरी साँझको पिकआवर र राति चलाउन सकिन्छ, यसबाट ढल्केबरबाट पश्चिमतर्फको विद्युत आपूर्ति व्यवस्थापनमा थप सहज हुनेछ । वर्षायाम सुरु भएपछि देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत पश्चिमबाट ढल्केबरतर्फ प्रवाह गरी भारतमा हुने विद्युत निर्यातको परिमाण बढाउन सकिने छ । हाल चालु रहेको १३२ केभीए प्रसारण लाइनको कन्डक्टर फेरेर क्षमता बढाउने काम अगाडि बढाउन सहज भएको छ ।

पूर्वपश्चिम १३२ केभीए डबल सर्किट प्रसारण लाइनको क्षमता वृद्धि गर्न हेटौंडादेखि ढल्केबर सबस्टेसनसम्मको करिब १३६ किलोमिटर खण्डमा पर्ने कम क्षमताको पुरानो तारलाई बदलेर उच्चक्षमताको नयाँ तार राख्न लागिएको हो । अब ४०० केभीएलाई १३२ केभीएमा चार्ज गरिएकाले यो लाइनबाट विद्युत प्रवाह गरी तार फेर्ने काम अगाडि बढाउन सकिने भएको प्राधिकरणले जानकारी दिएको हो । अहिले पुरानो १३२ केभीए प्रसारण लाइनबाट करिब २ सय मेगावाट विद्युत प्रवाह हुँदै आएकोमा कन्डक्टर बदलेपछि क्षमता वृद्धि भई करिब ४ सय मेगावाटसम्म प्रवाह गर्न सकिने प्राधिकरणका अधिकारीहरुले बताएका छन् । यसबाट त्यस क्षेत्रमा विद्युत आपूर्तिमा सुधार हुने, पश्चिम क्षेत्रमा उत्पादित विद्युतलाई पूर्वतर्फ थप प्रवाह गर्न सकिने र देशभित्र खपत गरी बढी भएको विद्युतलाई ढल्केबर सबस्टेसनमार्फत भारततर्फ निर्यात गर्न सकिने छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ थानाभ्याङस्थित हेटौंडा सबस्टेसनबाट इनरुवा सबस्टेसम्मको २ सय ८८ किलोमिटर ४०० केभी प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत ११ गते सोमबार २४ मार्च २०२५ । दशमी, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:६, सूर्यास्त ६:१७ । विश्व क्षयरोग दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग गर्ने भावना आउनेछ | तुला | : मित्रसंग विवाद हुनसक्नेछ |
| वृष | : यात्राको लागि सुखद देखिन्छ | वृश्चिक | : धन खर्च हुनेछ |
| मिथुन | : रमाइलोको समय रहेको छ | धनु | : भेटघाटमा समय बित्नेछ |
| कर्कट | : शरीरमा समस्या देखिन सक्नेछ | मकर | : सम्पत्तिको खचपच हुनेछ |
| सिंह | : सामाजिक प्रतिष्ठा बढ्नेछ | कुम्भ | : सुखभोगको समय रहेकोछ |
| कन्या | : सानातिना अवरोध आइरहनेछ | मीन | : आर्थिक लाभ मिल्नेछ |

# विश्व राजनीतिमा ध्रुवीकरणको सम्भावना



✍ श्यामप्रसाद मैनाली

यतिखेर विश्व राजनीति ट्रम्पमय भएको छ । संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प विजय बनेपछि उनको राष्ट्रपतीय प्रशासन भिन्न प्रकारको देखिँदै छ । संयुक्त राज्य अमेरिका विश्वभरका लोकतान्त्रिक देशहरूको नेतृत्वदायी भूमिका लामो समयदेखि रहँदै आएको देश हो । यही देशका राष्ट्रपतिको रुझान साम्यवादीहरूसँग हुँदै गएको देखिन्छ । उदाहरणका लागि रूसले युक्रेनमा आक्रमण गरेपश्चात् एकपक्षीय हिसाबले युद्धविरामको नारा उनले लगाइराखेका छन् । युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्सकीलाई युद्धविराम गर्न र शान्ति प्रक्रियामा आउन दबाब दिइराखेका छन् ।

डोनाल्ड ट्रम्प प्रथमपटक राष्ट्रपतिमा निर्वाचित भई कार्यकाल बिताउँदा उनको सामीप्यता उत्तर कोरियाका युवा शासक जो तानाशाहीका नामले विश्वभर परिचित छन्, उनीसँग थियो । त्यही समयमा पनि रसियन समर्थनमा ट्रम्प राष्ट्रपतिमा विजयी भएको आरोप उनीमाथि लागेको थियो । कतिपय शंकास्पद विषयहरुमा उनीविरुद्ध अनुसन्धानसमेत गरिएको थियो । त्यस बेलादेखिको रुसप्रतिको मोह यतिखेर पुन: उजागर भएको छ । ट्रम्पले आवश्यकताभन्दा बढी रुसको समर्थन गर्दै युक्रेनलाई अप्ठ्यारोमा पारिराखेका छन् ।

विश्वका आफूजस्तै कडा विनासोच विचार राख्ने र निर्णय गर्न सक्ने तानाशाही शासकहरुलाई ट्रम्पले मन पराएको देखिँदै छ । यही मूल्यमा उनी अमेरिका फस्टको नारा लगाउँदै रुससँग आफ्नो सम्बन्ध विस्तार गर्ने पक्षमा दृढ छन् । यसले संयुक्त राज्य अमेरिकाको भविष्य कहाँनिर दुर्घटनामा पर्ने हो ? सुरक्षित अवतरण गर्न सक्ने हुन् वा होइनन् ? भविष्यकै गर्भमा छ । तर आफ्नो देशलाई ट्रम्पको कार्यशैलीले दाउमा राखेको भने निश्चय नै देखिन्छ । ट्रम्पमा विचित्रको स्वभाव र शैली देखिँदै छ । उनले जे देखेका छन् त्यही नै सत्य हो भन्ने अहम् र अहंकार उनीमा देखिन्छ । अरुलाई अत्यन्त बेइज्जत गर्न र आफूखुशी आफैंले जम्मा गरेका घेराभित्र मात्रै रमाएर शासन गर्न उद्यत रहेका छन् ।

हालैका घटनाहरुले पनि यही कुराको पुष्टि गर्दछ । उनले युरोपियन युनियनका राष्ट्रप्रमुखहरू र सरकार प्रमुखहरुलाई पनि रुससँग एक्लै लड्न मुकाबिला गर्न सुझाव दिएका छन् । युक्रेनलाई असहज अवस्थामा भएको बखतमा हदैसम्मको शोषण गर्न लागिपरेका छन् । ट्रम्पको सदासयताविना रुससँग मुकाबिला गर्न युक्रेन असमर्थ रहेको अवस्था छ । ट्रम्पले समर्थन गरेनन् भने युक्रेनको भविष्य अनिश्चित छ । निकट भविष्यमै ध्वस्त हुँदै छ । उसको सार्वभौमसत्ताको हरण हुँदै छ । भूभाग रुसले लिँदै छ । यस अवस्थामा सम्पूर्ण पश्चिमा जगत्, नेटो र संयुक्त राज्य अमेरिकाले संयुक्तरुपमा युक्रेनलाई सुरक्षा प्रदान गरी आएका हुन् । विगतको समयमा युक्रेनलाई बाइडेनले समर्थन गर्नुको पछाडिको पनि उपादेयता रहन सक्छ ।

यसका पछाडि कुनै पनि प्रकारको खोजबिन नै नगरी उनी रुसको पक्षमा प्राय: उभिएका छन् । यो भनेको संयुक्त राज्य अमेरिकाको इतिहासमा त्यहाँका जनता, डेमोक्रेटिक पार्टी मात्र नभएर रिपब्लिकन पार्टीका मतदाताहरुको पनि अपमान हो । यस्तो जोखिमपूर्ण अवस्थामा ट्रम्प किन अघि बढेका हुन् ? आश्चर्य लाग्दो अवस्था बनेको छ । संयुक्त राज्य अमेरिकाको परराष्ट्र नीतिमा नै आमूल परिवर्तन गर्दै विपरीत खेमामा ट्रम्पले आफ्नो संलग्नता दिने संकेत देखिँदै छ । ट्रम्पको अल्पअवधिमा देखिएको यस प्रकारको रणनीतिले संयुक्त राज्य अमेरिकालाई र स्वयं ट्रम्पलाई नै अप्ठ्यारोमा पार्ने आलोचना र विश्लेषण पनि हुन थालेका छन् । यिनै विषयहरूमा सीमित रहेर यो आलेख तयार पारिएको छ ।

डोनाल्ड ट्रम्प राष्ट्रपतिमा निर्वाचित भएपश्चात्का उनका काम कारबाहीहरू र निर्णयहरुका बारेमा विश्लेषण गरौं । संयुक्त राज्य अमेरिका र चीनका बीच व्यापारिक प्रतिस्पर्धा अत्यन्त तीव्र गतिमा अघि बढिराखेको स्थिति छ । सन् २०३० मा विश्वको सबैभन्दा ठूलो अर्थव्यवस्था आफ्नै हुने गरी र संयुक्त राज्य अमेरिकालाई दोस्रो दर्जामा पुऱ्याउने रणनीतिसहित चीन अघि बढिराखेको छ । चीनको हालसम्मको व्यापारिक साम्राज्यता र सञ्जालको अध्ययन गर्दा अमेरिकालाई उछिन्दै अघि बढ्ने अवस्था स्पष्ट छ । यो स्थितिमा ट्रम्पले चीनबाट आयात हुने सामानहरुमा टेरिफ वृद्धि गर्ने निर्णय लिएका छन् ।

यसको जवाफमा चीनले पनि संयुक्त राज्य अमेरिकाका सामानहरुमा टेरिफ वृद्धि गर्ने र चीनमा रहेका चारवटा ठूला-ठूला अमेरिकन कम्पनीहरुलाई आफ्नो कारोबार रोक्न लगाउने निर्णय लिइसकेको छ । चीनमा मात्र होइन, क्यानडा र मेक्सिकोमा पनि त्यहाँबाट अमेरिका आयात हुने सामानहरुमा टेरिफ दर भारी वृद्धि गरिदिएका छन् । क्यानडालाई आफ्नो ५१औं राज्यका रूपमा लिँदै उक्त देशको मूल्य तोक्नसमेत ट्रम्पले भनेका छन् । उनी क्यानडालाई किनेर नै आफ्नो देशमा मिसाउन चाहन्छन् । यसको उपयुक्त जवाफ यी दुवै देशहरुले दिइराखेका छन् । पनामा नहर पनि अब संयुक्त राज्य अमेरिकालाई हस्तान्तरण गर्नुपर्ने पक्षमा ट्रम्प छन् ।

ग्रीनल्यान्ड तुरुन्त आफ्नै क्षेत्रमा गाभ्ने योजनासहित ट्रम्प अघि बढेका छन् । संयुक्त राष्ट्र संघबाट संयुक्त राज्य अमेरिका बाहिरिने चेतावनी ट्रम्पले दिइराखेका छन् । विश्व स्वास्थ्य संगठनलाई उनको देशले दिँदै आएको सबै अनुदान बन्द गरिसकेका छन् । संयुक्त राज्य अमेरिकाको सहयोग नियोगको केन्द्रीय कार्यालयमा ताल्चा लगाइदिएका छन् । विश्वभर रहेका यस संस्थाका सबै कर्मचारीहरुलाई निलम्बित अवस्थामा राखेका छन् ।

नेटोको सदस्यता परित्याग गर्ने अभिव्यक्ति पटक-पटक दिइराखेका छन् । युरोपियन युनियन सम्बद्ध राष्ट्रहरुलाई दिइराखेको सुरक्षा अब दिन नसक्ने चेतावनी दिइसकेका छन् । स्मरण र होस्, हालसम्म यी देशहरूको सुरक्षा संयुक्त राज्य अमेरिकाले लिएको छ । ती देशहरुमा करिब एक लाख प्रशिक्षित सेना अमेरिकाले तैनाथ गरिराखेको छ । हातहतियार, स्रोत-साधन कुनै कुराको कमी हुन दिएको छैन । तर अब युरोपियन युनियनले पनि आफ्नो सुरक्षा आफैं गर्नुपर्ने फरमान ट्रम्पले जारी गरेका छन् । फ्रान्सका राष्ट्रपतिसँग ह्वाइट हाउसमा भेट हुँदा पनि उनले समकक्षीसँग समान स्तरमा रहेर वार्ता गरेनन् । आफूलाई फ्रान्सभन्दा माथि राखेर अभिव्यक्ति दिए ।

डोनाल्ड ट्रम्पको कूटनीतिक शैली पनि विचित्रको देखियो । युक्रेनमा शान्ति कायम गर्ने उनको निर्वाचनकै एजेन्डा थियो । सोही अनुरुप अमेरिकाले संयुक्त राज्य अमेरिकाले युक्रेनलाई उक्त देशसँग रहेको ५० प्रतिशत खनिज संयुक्त राज्य अमेरिकालाई दिने गरी सम्झौता गर्न दबाब दियो । यसलाई पनि जेलेन्सकीले स्वीकार गरे । किनकि उनीसँग विकल्प थिएन । युक्रेनको विषयलाई लिएर साउदी अरबमा अमेरिका र रूसका रक्षामन्त्रीसमेत भई वार्ता भयो । सम्बन्धित पक्षहरू युक्रेन र युक्रेन मामिलामा संयुक्त राज्य अमेरिकासरह नै संलग्न भई आएको युरोपियन युनियनलाई पनि सम्मिलित गराइएन । एकपक्षीय वार्ताबाट दुईपक्षीय समझदारीको कल्पना साउदीमा गरियो ।

कूटनीतिक शैलीको योभन्दा गिर्दो उदाहरण अरु के हुन सक्दछ ? तत्पश्चात् ह्वाइट हाउसमा तयारी सम्झौतामा हस्ताक्षर गर्न जेलेन्सकीलाई आमन्त्रण गरियो । उनीलाई मानौं, ह्वाइट हाउसमा छलफल गर्ने अधिकार थिएन । ट्रम्पले तयार गरेको दस्तावेजमा सही मात्र गर्नु उनको काम थियो । वार्ताको प्रारम्भमा नै राष्ट्रपति ट्रम्प र एकजना पत्रकारले जेलेन्सकीलाई औपचारिक सुटसहितको पोशाकमा नआएकोमा प्रश्न गरियो । यहीँबाट उनलाई तेजोबध गर्न शुरु गरिएको थियो । राष्ट्रपति ट्रम्पले युक्रेनमा निर्वाचन नगराएको आरोप लगाए ।

नेतृत्व परिवर्तन हुन सक्ने धम्की पनि दिए । कमला ह्यारीको पक्षमा राष्ट्रपतिको निर्वाचनमा जेलेन्सकीले प्रचार गरेको आरोप लगाई आफ्नो पूर्वाग्रही सोचको उजागर गरे । खनिजसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न जेलेन्सकी तयार थिए । तर उनको एउटा सर्त थियो । रूसले पटक-पटक युद्धविरामको उल्लंघन गरेकाले युक्रेनको सुरक्षाको प्रत्याभूति संयुक्त राज्य अमेरिकाले गर्नुपर्ने उनको माग थियो ।

तर त्यसलाई ट्रम्पले कुनै महत्व दिएनन् । सँगै बसेका उपराष्ट्रपतिले गैरकूटनीतिक शैलीमा जेलेन्सकीको कटाक्ष गरे । ट्रम्पलाई धन्यवादसम्म पनि नदिएको आरोप लगाए । युद्धबाट थिलथिलो भएको देशका राष्ट्रप्रमुख आफ्नो देश कसरी बचाउने सन्दर्भमा भीख मागिरहेको जेलेन्सकीले आफूलाई अत्यन्त धैर्यधारण गरेको देखिन्थ्यो । उनको मातृभाषा अंग्रेजी थिएन । त्यसैले उनबाट उत्कृष्ट अंग्रेजी भाषाको अभिव्यक्तिको अपेक्षा गर्नु पनि हुने थिएन । उनले त्यो अवस्थामा पनि आफ्नो क्षमताले भ्याएसम्म विनम्र हुन प्रयास गरे ।

आफ्ना मागहरू राख्दा र युक्रेनको अवस्था प्रस्तुत गर्दा उनी भावुक हुनु स्वाभाविकै थियो । त्यस अवस्थामा युवानेतामा थोरै मात्र भए पनि विनम्रभाव देखिएको थिएन । जेलेन्सकीको कमजोरी यही मात्र थियो । आफ्नो समकक्षी राष्ट्रप्रमुखलाई ह्वाइट हाउसबाट खानासमेत नखुवाई बिदा गरियो । यो भन्दा ठूलो संयुक्त राज्य अमेरिकाको कूटनीतिक दिवालीयापन एवं बेइज्जत अरु के नै हुन सक्दछ ? जेलेन्सकी अमेरिका छाडेर सिधै संयुक्त अधिराज्य प्रस्थान गरे । यता ट्रम्पले ट्वीट गरे । आफ्नो ट्वीटमा शान्ति सम्झौतामा सहमति जनाउने अवस्थामा आउँदा हुने सन्देश जेलेन्सकीलाई दिएका छन् ।

जेलेन्सकीले फेरि पनि खनिजसम्बन्धी सम्झौता गर्न आफू तयार भएको अभिव्यक्तिको पुनरावृत्ति गरेका छन् । आफू र आफ्नो देश संयुक्त राज्य अमेरिकासँग सधैँभरि मित्रवत् सम्बन्ध राख्न तयार रहेको प्रतिबद्धता व्यक्त गरिराखेका छन् । तर हालसम्मको अवस्थामा ट्रम्पमा युक्रेन र जेलेन्सकीप्रति थोरै पनि संवेदनशीलता देखिएको छैन । उनको रवैया यथावत् छ । युक्रेनप्रति नै उनको वक्रदृष्टि हो वा व्यक्तिगतरुपमा जिलेन्सकीको उपस्थिति युक्रेनमा देख्न नचाहेको हो ? यो खोजीको विषय बनेको छ । तर युक्रेन सुरक्षित भएको मात्र आफूले हेर्न चाहेको, यदि यो समस्या समाधान भएमा पदबाट हट्न आफू तयार भएको अभिव्यक्ति जेलेन्सकीले दिएका छन् । यो उनको महानता हो ।

युक्रेनलाई सबै प्रकारका सहयोगहरू उपलब्ध गराउने र उसको सुरक्षाको प्रत्याभूतिका लागि अघि बढ्ने प्रतिबद्धता युरोपियन युनियनका सदस्य राष्ट्रहरुले गरेका छन् । युरोपको सुरक्षा गर्न आफैं सक्षम रहेको सन्देश ट्रम्पलाई दिएका छन् । युरोपियन युनियन, अस्ट्रेलिया र जापानले युक्रेनलाई सहयोग गर्ने जनाएको छ । चीनसँग अस्वस्थ व्यापारिक प्रतिस्पर्धाको चरम सीमा पार गर्ने काम ट्रम्पले नै गरे । उक्त देशसँग सम्बन्ध सुधार हुने संकेत देखिँदैन । युक्रेन मामिलामा यसरी ट्रम्पले यु टर्न गर्नुको रहस्य अझै खुल्न सकेको छैन ।

रूसलाई फाइदा दिलाएर व्यक्ति ट्रम्पलाई फाइदा हुन्छ कि हुँदैन ? त्यो आफ्नो ठाउँमा छ । तर संयुक्त राज्य अमेरिकालाई किमार्थ फाइदा हुँदैन । त्यसैले पनि लामो समयदेखिको शत्रुतापूर्ण व्यवहार र प्रतिद्वन्द्वता रहेको रुससँग साँठगाँठ हुनुको रहस्य भविष्यमा पत्ता लाग्ने नै छ । जहाँसम्म युक्रेनको सुरक्षाको प्रश्न छ । अहिलेको अवस्थामा संयुक्त राज्य अमेरिकाको सहयोगको अभावमा यो सम्भव छैन । संयुक्त राज्य अमेरिका रूससँग गठबन्धन गरेमा अन्य चीनलगायतका राष्ट्रहरूका बीच ध्रुवीकरण हुन सक्छ ।

ध्रुवीकरणको कुरा गर्दा यदि ट्रम्प र पुटिनका बीच गठबन्धन भयो भने विश्वका लोकतान्त्रिक शक्तिहरूका बीच कम्पन आउनेछ । उनीहरुले पृथक शिराबाट विश्व राजनीतिमा अलग धार निर्माण गर्नेछन् । विश्वशक्तिका दृष्टिले हेर्दा युरोपियन युनियन मात्रले यो नेतृत्व लिन सक्दैन । अस्ट्रेलिया, जापानलगायतका अन्य देशहरुले सहयोग गर्दा पनि यदि रुस र संयुक्त राज्य अमेरिका एकै ठाउँमा रहे भने अप्ठेरो हुन्छ । यता विश्वमा उदयमान दुई ठूला शक्तिहरु चीन र भारत पनि रहेका छन् । यी दुईले ध्रुवीकरण युरोपियन युनियनसँग गर्छन् या गर्दैनन् । यसै भन्न सक्ने अवस्था छैन । किनकि चीनको एकल सोच आर्थिक हिसाबले समृद्धि प्राप्त गर्नमा छ । विश्वको एक नम्बर हुनु नै छ ।

यस अर्थमा अनावश्यक द्वन्द्व, युद्ध आदिमा संलग्न हुन चाहँदैन । उसलाई ट्रम्पको देशले उपयुक्त बजार नदिँदा घाटा अमेरिकालाई नै बढी हुने अवस्था छ । रुससँग चीनको असल कूटनीतिक सम्बन्ध छँदै छ । यदि ट्रम्प र सीका बीच द्वन्द्व चर्किंदै गयो भने स्वभावत: चीन रुसबाट टाढिन सक्छ । यस अवस्थामा ट्रम्प-पुटिन गठबन्धन फुट्न सक्छ । चीनले अमेरिका-पुटिनविरुद्धको गठबन्धनमा सहयोग गर्नुपर्ने परि स्थिति निर्माण हुन सक्छ । यसो भएमा चीन युरोपियन युनियनलगायतको गठबन्धन अथवा धार सबल हुन सक्छ । तर ट्रम्प-पुटिनका बीचको मित्रता र अन्य लोकतान्त्रिक देशहरु र चीनका बीचको ध्रुवीकरण अप्राकृतिक ठहरिनेछ ।

यसले दिगोपना दिन सक्दैन । आ-आफ्नो देशको स्वार्थका हिसाबले क्षणिक धार निर्माण हुन सक्छ । जहाँसम्म भारतको विषय छ, यो देश रूससँग लामो समयदेखि नजिक छ । अहिलेको यो अवस्थामा उसले धेरै प्रकारका व्यापारिक फाइदा रुसबाट लिन सक्छ । यस अर्थमा पनि भारत ट्रम्प र पुटिनसँग संलग्नता दिन सक्ने सम्भावना रहन्छ । तर अमेरिकी नागरिकहरुले यो अवस्थामा आफ्नो देशलाई धकेल्न दिने छैनन् । ट्रम्पलाई ठूलो दबाब जनस्तर बाटै हुन सक्छ । चीनले व्यापारिक युद्ध, शीत युद्धलगायतका सबै प्रकारका युद्धका लागि अमेरिकालाई चुनौती दिइसकेको छ ।

यही अवस्थामा युक्रेनले आफू वार्तामा बस्न तयार रहेको, अस्थायी शान्तिका लागि पनि तत्पर रहेको र युक्रेनका खनिजहरु संयुक्त राज्य अमेरिकालाई दिनसमेत तत्पर रहेको पत्र पठाइसकेको छ । यस अर्थमा अब फेरि पनि वार्ता हुन सक्छ र यो वार्ताबाट ट्रम्पले ठूलो फाइदा आफ्नो देशलाई दिलाउन सक्नेछ । घाटामा युक्रेन हुनेछ भने नाममात्रको सार्वभौमसत्ताको संरक्षण पश्चिमा देशहरूले गरि दिनेछन् । सधैँभरि पश्चिमाहरूको उपनिवेश सरहको व्यवहारमा रहनेछ । अन्यथा विश्व परिवेशमा उल्लेख भएजस्तै नयाँ प्रकारका ध्रुवीकरण अवश्यम्भावी छ । यसले तेस्रो विश्वयुद्धको अवस्था सिर्जना भएमा पनि आश्चर्य मान्नुपर्ने अवस्था छैन ।

तर हालका यी परिघटनाहरूबाट केही निष्कर्ष निकाल्न सकिन्छ । साना देशहरु र शक्ति सम्पन्न ठूला देशहरूको बीचको आन्तरिक नीति र वैदेशिक नीति पृथक हुँदो रहेछ । ट्रम्पले आफ्नो आन्तरिक नीति निर्धारण गरेर त्यसै अनुरूपको वैदेशिक नीति बनाउँदै छन् । साना र कमजोर देशहरू पहिले भूराजनीति विश्व परिवेशमा आफ्नो अवस्थितिको मूल्यांकन गरेर मात्र आन्तरिक नीति बनाउनुपर्ने परिस्थिति बन्दो रहेछ । दोस्रो हो, राजनीति र कूटनीतिमा कोही पनि स्थायी मित्र नहुने, स्थायी शत्रु पनि नरहने अवस्था बन्दो रहेछ । ट्रम्प र पुटिनको अहिलेको मित्रता हेर्दा यही पुष्टि हुन आएको छ । विश्वका अन्य ठूला देशहरूको व्यवहार र नीति हेर्दा यही प्रमाणित हुन्छ ।

आफ्नो व्यक्तिगत र राष्ट्रको फाइदाका लागि इतिहासलाई पनि विस्मरण गरिँदो रहेछ । उदाहरण ट्रम्पकै नीतिमा छ । सन् १८२३ मै राष्ट्रपति जेम्स मनोरोले अमेरिकी राष्ट्रहरूमा कसैले पनि हस्तक्षेप र आक्रमण नगरोस्, गरेमा पश्चिमा शक्तिहरुसमेत एक भई त्यसको मुकाबिला गरिनेछ भनेका थिए । ती देशहरूलाई शत्रुतापूर्ण व्यवहार गरिनेछ भन्ने मुनरो सिद्धान्तले पनि नेटो काटेको छ । लोकतन्त्रमा कानुनी राज्यको पालना कडाइका साथ गरिन्छ । यो नै लोकतन्त्रको मौलिक र महत्त्वपूर्ण सिद्धान्त हो । यसलाई ठूला लोकतान्त्रिक मुलुकहरुले नै उल्लैन गर्दै गएका छन् ।

शक्ति सम्पन्न र ठूला राष्ट्रहरूले उनीहरूको हितमा जे-जसो गर्दा पनि ती कार्यहरू लोकतान्त्रिक सिद्धान्तको परिभाषाभित्र पारेका छन् । उदाहरणका लागि उपयुक्तवादको चरम प्रयोग इरानका रेजा पलवी, फिलिपिन्सका फर्डिनान्ड मार्कस, दक्षिण कोरियाका राष्ट्रपति सिगमन, दक्षिण भियतनामका गुयन वान थ्यु, इराकका सद्दाम हुसेन, अफगानिस्तानका घानी सबैमाथि भएको अन्यायका लागि इतिहास साक्षी छ । त्यसैले ठूला र शक्ति सम्पन्न राष्ट्रहरुबाट साना र कमजोर राष्ट्रहरु आजैबाट आफूलाई बचाउन आफ्नो स्वतन्त्रता र सार्वभौमसत्ताको संरक्षण गर्न गम्भीर बनौं ।

*(स्रोत: अनलाइनखबर)*

# बेहुली भृकुटीलाई अन्माउँदा दिइएका आशीर्वादहरू

✍ शैलेन्द्रबहादुर थापा

(व)स्रोङ(व)त्सन(स) गमपोले वि.सं. ६८९ (सन् ६३२) सम्ममा ल्हासाको करीब करीब आधारशिला खडा गरी शक्तिशाली तिब्बत (ट्युवो) अधिराज्यको स्थापना गरे । त्यही वर्ष दक्षिण (नेपाल) र चीनका राजाकी छोरीसँग कूटनीतिक पारिवारिक विवाह गर्ने इच्छाको सुन्दर योजना बनाए । सर्वप्रथम नेपाल (खोपासी क्षेत्र) का राजा उदयदेव (ह्वेशार गोचा) र रानी भद्रावतीको गर्भबाट वि.सं. ६८१ (सन् ६२४) मकर संक्रान्ति (माघ वदी १) मा जन्मिएकी ९ वर्षीया छोरी भृकुटी (ल्हाच्हिग ठ्रित्सुन) लाई बिहे गरी रानी बनाउने निर्णय लिए । ( शिवाकोटी, प्रा.डा.गोपाल, २०७५, अन्तर्वार्ता) ।

त्यसै कामका लागि तिब्बती मन्त्रीका अङ्गरक्षकहरू, राजाका तीन वटा सन्देश-पत्रहरू, दोभाषे सहित मन्त्रीद्वय गार तोङ्सेन युलसुङ् र थोनमी सम्भोटालाई भृकुटी जन्मस्थल खोपासी (कुर्पासी) तर्फ पठाए । मन्त्रीद्वय केरुङको बाटो भएर खोपासी आउने तयारी स्वरुप वि.सं. ६८९ को आश्विन अन्तिम हप्ता (तिब्बती पात्रो अनुसार अटम महिनाको ८) तिर ल्हासाबाट हिंडे ।

यो विवाह प्रतिनिधिमण्डल ६८९ साल मंसिरको तेस्रो हप्ता तदनुसार सन् ६३२ को डिसेम्बर अन्तिमतिर केरुङ-रसुवागढी हुँदै नेपाल आइपुगेको देखिन्छ (थापा शैलेन्द्रबहादुर, 'सिपाही वार्षिक' वर्ष ५७ (५८), २०८१ : ५) ।

(व)स्रोङ(व)त्सन(स) गमपोद्वारा लिखित 'मणि काबुम भोलुम क' सँग सम्बद्ध आवश्यक विषयवस्तुलाई तिब्बती अनुवादक बुरिङ चेनद्वारा नेपालीमा गरिएको अनुवाद सुनौं: (व)स्रोङ(व)त्सन(स) गमपोले मन्त्री गार तोङसेन मार्फत पठाएको सुरक्षा कवच उदयदेवलाई उपहार दिए ।

उदयदेवले १० कुशल धर्मको देश नेपालका राजाको छोरी भएकाले तिब्बतमा पनि धर्मको प्रचार भएको छ भने तिब्बती राजालाई छोरी दिन सक्छु अन्यथा दिन सक्तिनँ भन्नुहुन्छ । नेपाल-तिब्बतबीचको भौगोलिक दूरी टाढा भएकाले आउन-जान कठिन हुने बुझी तिब्बती मन्त्रीले आफ्नो राजाका तीन वटा सन्देश-पत्रहरू एकैपटक साथमा बोकेर आउनुभएको थियो ।

जसमध्ये पहिलो स्वर्णाक्षरको सन्देश-पत्रले यदि भृकुटीलाई तिब्बती राजासँग विवाह गराउन तिब्बत पठाइदिनुहुन्छ भने तिब्बती राजाले नेपालमा जस्तै भोट तिब्बतमा पनि "दश कुशल धर्म" र "बुद्ध धर्म संघ" स्थापना गरी फैलाइदिन्छु भन्नुहुन्छ (गमपो, 'मणि कावुम भोलुम क' : पृ. एक्स १५-१८) । "दश (१०) कुशल धर्म (शिल)" चिनौं :

शरीरबाट निस्कने ३ शिलहरू : हत्या, हिंसा नगर्ने । चोरी नगर्ने । परपुरुष-परस्त्री गमन नगर्ने ।

मुखबाट निस्कने ४ शिलहरू : झुटो नबोल्ने । सानो कुरालाई ठूलो बनाएर नबोल्ने अर्थात् नभाँड्ने, नबिगार्ने, द्वेष नफैलाउने । अपव्याख्या, अपशब्द नबोल्ने । अनावश्यक कुरा, फजुल गफ वा व्यभिचार नगर्ने ।

मनबाट निस्कने ३ शिलहरू : मनमा नराम्रो नसोच्ने । लोभ, लालच, मोलाहिजा नगर्ने । कर्मा अर्थात् बुद्धको सिद्धान्त विपरित नसोच्ने (थापा, 'भृकुटी', वि.सं. २०७८ : ३९) ।

रजताक्षरको दोस्रो सन्देश-पत्रले यदि भृकुटीलाई रानी बनाउन पाएँ भने तिब्बतमा ५ हजार बुद्ध मूर्ति बनाउने, भृकुटीको माइती देश दक्षिण नेपालपट्टि ढोका फर्काई १०८ विहारहरू स्थापना गर्ने खबर लेखी पठाउनुभएको छ । यो खबरले उदयदेवलाई तिब्बती राजा प्रतापी रहेछन् भन्ने बोध गराउँछ ।

*क्रमश: पृष्ठ-३...*

# अग्ला फरवार्ड जिलेस्पीजंगको लय





काठमाडौं/नेपाली राष्ट्रिय फुटबल टिमका फरवार्ड जिलेस्पीजंग कार्की पछिल्लो समय नेपालको लागि गोल गर्ने खेलाडीको रूपमा देखिएका छन् । सिंगापुरविरुद्ध शुक्रबार भएको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा जिलेस्पीकै निर्णायक गोलमा नेपालले १-० को जित हात पार्‍यो ।

नेपालले ३६ वर्षपछि सिंगापुर विरुद्ध पहिलो पटक खेलेको हो र सिंगापुरलाई हराएको पनि पहिलो पटक हो । त्यो पनि सिंगापुरकै भूमिमा हराउँदै यसअघिका तीन हारको बदला लिन सफल भयो । सिंगापुर नेसनल स्टेडियममा भएको खेलमा जिलेस्पीले खेलको १२औं मिनेटमै गोल गरेका थिए र त्यसपछि नेपालले सिंगापुरको आक्रमण रोक्दै जित हात पार्न सफल भयो ।

विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबबाट घरेलु फुटबल खेल्दै आएका २६ वर्षीय जिलेस्पी पछिल्लो समय राष्ट्रिय टिमको रेगुलर सदस्यको रुपमा छन् । जिलेस्पी सेन्टर फरवार्ड र विंगर दुवै भूमिकामा खेल्न सक्छन् । यही चैत १६ गतेदेखि सुरु हुने नेपाल सुपर लिग (एनएसएल) को तेस्रो सिजनमा उनी काठमाडौं रेजर्समा अनुबन्ध भएका छन् ।

जिलेस्पीले सन् २०२३ सेप्टेम्बरमा म्यानमार विरुद्धको मैत्रीपूर्ण खेलमार्फत नेपालको राष्ट्रिय टोलीबाट डेब्यु गरेका थिए । उनले हालसम्म नेपालका लागि १२ खेल खेल्दै ३ गोल गरिसकेका छन् । पछिल्लो समय नेपालका लागि गोल गर्ने भूमिकामा उनै जिलेस्पी देखिएका छन् । उनले नेपालको पछिल्लो चार खेलमध्ये तीन खेलमा गोल गरेका छन् । उनले गोल गरेको तीनै खेलमा नेपाल अपराजित रह्यो । त्यसमा दुई खेलमा नेपाल विजयी रह्यो ।

उनले नेपालका लागि लगातार दोस्रो अन्तर्राष्ट्रिय खेलमा गोल गरेका हुन् । यसअघि उनले नोभेम्बरमा ताजिकिस्तानमा भएको अफगानिस्तान विरुद्ध २-० को जितमा पनि गोल गरेका थिए । त्यही बेला ताजिकस्तान विरुद्ध भने नेपाल पराजित हुँदा नेपालले गोल गर्न सकेन । यस्तै त्यसअघि फिफा विश्वकप र एएफसी एसियन कपको संयुक्त छनोटमा नेपालले यमनसँग २-२ को बराबरी खेल्दा पनि जिलेस्पीले गोल गरेका थिए ।

घरेलु फुटबलमा भने उनले त्रिभुवन आर्मी क्लबबाट शहीद स्मारक ए डिभिजन लिग खेलेका छन् । त्यसअघि उनले टुसाल युथ क्लबबाट शहीद स्मारक बी डिभिजन लिग खेलेका थिए । ६ फिट १ इन्च अग्ला जिलेस्पी सुरुमा विंगबाट खेल्थे । पछि आर्मीमा सेन्टर फरवार्ड नहुँद उनले फर वार्डमा खेले । राष्ट्रिय टिममा पनि त्यही भुमिकामा खेले । उनले नेपाल सुपर लिग (एनएसएल) को दोस्रो सिजन बुटवल लुम्बिनी एफसीबाट खेलेका थिए । जहाँ उनले विंगबाटै उत्कृष्ट प्रदर्शन गरेका थिए ।

**सुरुवाती करियर**

२०५५ साल मंसिर ३ मा धुलिखेल नगरपालिका-१२ मा जन्मेका जिलेस्पीले सानोदेखि नै फुटबल खेल्ने । स्थानीय विद्यालय डिभाइन लाइटमा हुँदा उनले फुटबल खेलेका थिए । उनी घरमा दाई जर्ज प्रिन्स कार्कीसँग रमाइलोका लागि फुटबल खेल्थे । तर त्यो फुटबल यात्रा भविष्यमा राष्ट्रिय टिमसम्म पुग्ला भन्ने उनलाई थाहा थिएन ।

कुनै समय मोटो भएकोले उनलाई साथीभाईले जिस्काउँथे । तर उनले हिम्मत नहारी इख लिए अनि नेपालको राष्ट्रिय टिमबाट खेलेर जिस्काउनेहरुलाई गतिलो जवाफ दिए ।

आफ्नै दाई नै आदर्श मान्ने उनले दाजुबाट नै धेरै कुरा सिके । दाजुलाई फलो गर्दै त्रिभुवन आर्मीदेखि राष्ट्रिय टिमसम्म पुगे । २०६९ मा एसएलसी दिएपछि जिलस्पीले हात्तीवनस्थित लिटिल एन्जल्स कलेजमा पढाई सुरु गरे । त्यसपछि उनले सेकेण्ड लेफ्टिनेन्टको तयारी गरे । तर १७ वर्षको भएकोले आवेदन दिन पाएनन् ।

त्यसपछि उनी भक्तपुर स्थित सैनिक आवासीय महाविद्यालयमा पढन सुरु गरे । कोटा नपुगेपछि एकैवर्ष दोस्रो पटक आवेदन खुल्दा उनी १८ वर्षका पुगेका थिए र आवेदन दिए । अनी सेनामा भर्ना भए । त्यसपछि उनी त्रिभुवन आर्मी क्लबमा आए । आर्मी क्लब पुगेको धेरै भएको छैन । २०७८ मा आर्मी क्लबमा पुगेका उनले आर्मीको रिजर्भ टिमबाट करियर सुरु गरेका थिए । चोटले पनि सताउँदा उनी ए टिममा छनोट हुन सकेनन् । त्यसपछि उनले टुसाल युथ क्लबबाट सन् २०२२ को सिजन बी डिभिजन लिग खेलेका थिए । जहाँ उनले ११ खेलमा ४ गोल गरेका थिए ।

त्यसपछि उनी फेरि आर्मीको टिममा फर्किए । अनी २०७९ मा उनले आर्मीबाट शहीद स्मारक ए डिभिजन लिग खेल्ने अवसर पाए । जहाँ उनले आर्मीका लागि २२ खेलमा ६ गोल गरेका थिए । जिलेस्पीले आर्मीको टिमबाट लिग उपाधि जित्न बाँकी नै छ । तर उनले आफ्नै कप्तानीमा टिमलाई नकआउट प्रतियोगिताको च्याम्पियन बनाइसकेका छन् ।

आर्मीको पहिलो टोली काठमाडौंमा केपी ओली कप खेलिरहँदा जिलेस्पीसहितको टोली भद्रपुर झापा गोल्डकप खेल्न गएको थियो । जहाँ उनकै कप्तानीमा आर्मीले मछिन्द्र एफसीलाई हराएर उपाधि जित्यो । उता काठमाडौंमा भने आर्मीको टोली सेमिफाइनलमा सातदोबाटो युथ क्लबसँग टाइब्रेकरमा पराजित भएको थियो । जिलेस्पीले आर्मीबाट आहा-रारा गोल्डकप, बागमती गोल्डकप लगायत प्रतियोगिता पनि खेलेका थिए ।

**राष्ट्रिय टोलीमा डेब्यु र प्रदर्शन**

अघिल्लो वर्ष असारमा भारतमा भएको साफ च्याम्पियनसिपका लागि जिलेस्पी प्रारम्भिक टोलीमा परेपनि अन्तिम टोलीमा स्थान बनाउन सकेनन् । तर म्यानमार विरुद्ध सेप्टेम्बरमा भएको मैत्रीपूर्ण खेलमा भने उनले डेब्यु गर्ने अवसर पाए । जिलेस्पीले ७ नम्बर जर्सी लगाएर डेब्यु गरे ।

उनका दाजु जर्ज प्रिन्स कार्कीले पनि ७ नम्बर जर्सीमै नेपालका लागि डेब्यु गरेका थिए । पाँच वर्षले कान्छा जिलेस्पीले आफ्नो आइडल मान्ने दाईले लगाएकै जर्सी लगाएर डेब्यु गर्ने अवसर पाए । अन्तर्राष्ट्रिय फुटबलमा पनि ७ नम्बर विशेष मानिन्छ ।

उनले पहिलो पटक राष्ट्रिय टिममा स्थान बनाउँदा नै डेब्यु गर्ने अवसर पाएका हुन् । त्यो पनि पहिलो रोजाइमै खेलेका थिए । त्यसैले पनि उनका लागि म्यानमार टुर खास बनेको थियो ।

म्यानमार विरुद्ध सेप्टेम्बर ८ मा याङ्गुनमा भएको पहिलो मैत्रीपूर्ण खेलमा उनी जर्सी नम्बर ७ लगाएर पहिलो रोजाइमै मैदान उत्रिएका थिसए । जुन उनका लागि विशेक्ष क्षण रह्यो । राष्ट्रका लागि खेल्ने गर्वको क्षण थियो । सेप्टेम्बर ११ मा म्यानमार विरुद्धको दोस्रो खेलमा पनि उनी पहिलो रोजाइँ खेलेका थिए । दुवै खेलमा उनलाई आर्मी नवयुग श्रेष्ठले रिप्लेस गरेका थिए । म्यानमार टुरपछि जिलेस्पी निरन्तर राष्ट्रिय टिममा छन् । उनले २०२३ अक्टोबरमा भएको विश्वकपको प्रारम्भिक चरणको छनोट अन्तर्गत लाओस विरुद्धको होम एण्ड अवे दुवै खेल खेलेका थिए ।

यस्तै विश्वकप छनोटको दोस्रो चरणमा नेपालले खेलेको ६ मध्ये जिलेस्पीले ५ खेल खेलेका थिए । उनले युएई विरुद्ध अवे, यमन विरुद्ध होम र बहराइन विरुद्ध अवे मैदानमा खेलेका थिए । बहराइनमै खेलिएको बहराइन विरुद्धको होम म्याचमा भने जिलेस्पीले खेल्ने अवसर पाएनन् ।

त्यसपछि उनले विश्वकप छनोट अन्तर्गत नै दोस्रो चरणको अन्तिम दुई खेलमा युएई र यमन विरुद्ध गोल हाने । यमनविरुद्ध जिलेस्पी र सन्जिव विष्टले नेपालका लागि गोल गरे । तर अन्तिम सममया गोल खाँदा खेल २-२ को बराबरीमा सकिएको थियो ।

ढिलै भएपनि राष्ट्रिय टिममा प्रवेश पाएका जिलेस्पीको यात्रा सुरु भएको छ । अग्लो कदका जिलेस्पीमा फरवार्डमा हुनुपर्ने गुढ छ । आवश्यकता अनुसार स्ट्राइकर र विंगमा खेल्न सक्ने उनले नेपालका लागि पछिल्ला खेलहरुमा गोल गर्दै प्रमाणित पनि गरिसकेका छन् । उनीबाट नेपाली फुटबलले ठुलो आशा राखेको र अझै राम्रो प्रदर्शन आउन बाँकी छ ।

*(स्रोत: अनलाइनखबर)*

# जात व्यवस्थामाथि प्रश्न गर्ने ‘वसन्त’ ट्रेलर




काठमाडौं/गायक, संगीतकार तथा अभिनेता प्रकाश सपूतको निर्देशनमा तयार भएको पहिलो फिल्म ‘वसन्त’को ट्रेलर सार्वजनिक गरिएको छ । शनिबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक ४ मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तुबारे महत्त्वपूर्ण प्रकाश पारेको छ । जनआन्दोलनको समय अर्थात् ०६२/६३ सालको परिवेशमा तयार पारिएको फिल्मले जात व्यवस्थाविरूद्धको कथा उठाएको छ ।

समाजमा जातकै आधारमा हुने भेदभाव, प्रेममा आउने तगारो र पात्रहरूले गर्ने संघर्षलाई ट्रेलरमा मर्मस्पर्शी रुपमा चित्रण गरिएको छ । ट्रेलरअनुसार फिल्मको कथा दुई पात्र वसन्त (प्रकाश सपूत) र शान्ति (स्वस्तिमा खड्का)को वरिपरि घुम्छ, जो प्रेममा छन् तर जात नमिलेकै कारण सम्बन्ध संकटमा छ । जात व्यवस्था हटाउन शान्ति पात्रले विद्रोहको बाटो अपनाएको पनि ट्रेलरमा देखिन्छ ।

ट्रेलरको अन्तिममा ‘ह्यासट्याग सबै बराबर’ भनेर उल्लेख गरिएको छ । यसको मतलब प्रकाशले फिल्मलाई जात व्यवस्था विरुद्धको अभियानको रुपमा लिएका छन् । ट्रेलर रिलिजपछि फिल्मको टिमले समाखुसीस्थित सिटी स्क्यावर भवनमा ‘वसन्त साँझ’को समेत आयोजना गरेको थियो । जसमा प्रकाशसहित शान्तिश्री परियार, प्रिती आले, देवेन्द्र बब्लुलगायतले सांगीतिक प्रस्तुति दिएका थिए ।

यही चैत २२ गतेदेखि प्रदर्शन आउन लागेको ‘वसन्त’मा प्रकाश र स्वस्तिमासहित प्रभात पल ठकुरी, श्री शिभान्सी, उर्मिला लाम्गादे, खड्क बहादुर पुन (खबपु), अनुप बराल, कमलमणी नेपाल, प्रकाश घिमिरे लगायतको अभिनय छ । प्रकाश स्वयंको लेखन तथा संगीत रहेको फिल्ममा मोहन विश्वकर्मा र विन्दू बोहोरा (सपूत) निर्मातामा छन् । फिल्ममा सुसन प्रजापतिको छायांकन रहेको छ ।

# ‘होस्टेल ३’ले सप्ताहन्तसम्म ४ करोड छुने प्रक्षेपण



काठमाडौं/‘होस्टेल ३’ले घरेलु बक्सअफिसमा उत्साहजनक कमाइ गरेको छ । यो फिल्म शुक्रबारदेखि तेस्रो सातामा प्रवेश गरेको छ । सशान कँडेल ‘सन्तोष’ निर्देशित फिल्मले ठूला ब्यानर, ठूला स्टारका फिल्मलाई समेत कमाइमा चुनौति दिएको छ ।

फिल्मले तेस्रो सप्ताहन्तसम्म घरेलु बक्सअफिसमा ४ करोडको आँकडा छुने प्रक्षेपण गरिएको छ । संचार तथा सूचना प्रविधि मन्त्रालयको बक्सअफिसमा फिल्मले दुई साता (१४ दिनसम्म) देशब्यापी ३ करोड ६७ लाख रुपैयाँ ग्रस कमाएको छ ।

तेस्रो सप्ताहन्तमा फिल्मले ६० हाराहारीमा शो पाएको छ । जुन शो संख्या आफैमा सुखद हो । ‘वर्ड अफ माउथ’ बलियो भएकाले यो सप्ताहन्तमा कमाइमा केही वृद्धि हुने देखिन्छ । विकडेज (आइतबारदेखि बिहीबारसम्म) पनि यसको अकुपेन्सी त्यति निराशाजनक चाहिँ थिएन ।

नयाँ अनुहारका कलाकार र डेब्यु निर्देशकलाई फिल्मको अघिल्लो श्रृंखलाको बक्सअफिसले फाइदा चाहिँ पुग्यो । इतिहासको त्यो जगमा उभिएर ‘होस्टेल ३’ले आफूलाई बक्सअफिसमा हिट तुल्याएको छ । यो फिल्ममा पारस बम ‘कुल ब्वाय’, सिम्रन पन्त, रिहान गिरी, आशिष घिमिरे, पदम तामाङ लगायतको अभिनय छ ।

# बेहुली भृकुटीलाई अन्माउँदा...

प्रत्युत्तरमा उदयदेवले पनि तिब्बती मन्त्रीहरूलाई आफ्नो देशमा कश्यप बुद्धका पालादेखि अविच्छिन्न रूपले चलिआएको रीतिस्थिति, वंश-परम्पराको गौरव सुनाउँदै पञ्चेन्द्रिय तृप्तिका लागि पाँच कामना पूर्ण पार्ने धन प्रशस्त भएकाले यदि तिब्बतमा पनि यस्तै हुन सक्छ भने भृकुटी दिन सक्छु, नभए नदिने भन्नुहुन्छ ।

तिब्बती मन्त्री गार तोङ्सेनले दिएको आफ्ना राजाको तेस्रो-सन्देश पत्रले यदि भृकुटीलाई तिब्बतकी रानी बनाउन पाएँ भने अन्य देश-देशान्तरका राजाहरूलाई पनि पुग्ने प्रशस्त सुन, चाँदी र विविध रत्नका खानीहरू तिब्बतमा खोलिदिनेछु भन्ने प्रतिज्ञा पढेपछि उदयदेवलाई भोटका यी राजा सिद्धपुरुष, निर्माणकाय रहेछन् भन्ने लाग्छ ।

त्यसपछि राजा उदयदेवले आफ्नी छोरी भृकुटीलाई तिब्बतका राजा (व)स्रोङ(व)त्सन(स) गमपोकी रानी बन्न जानको लागि सम्झाई-बुझाई गर्नुहुन्छ । तर भृकुटीले बुवालाई भोट देशको अनभिज्ञ परिस्थितिको बोध गराउँदै म कसरी जाऊँ ? भन्ने प्रश्न गरेपछि जवाफमा बुवाले छोरी भोट देशका राजा ठूलाबडा, सिद्ध भएकाले उहाँलाई चिढ्याउनुहुन्न, तिमी शान्तपूर्वक राजीखुशीले जानू भनी सम्झाउनुहुन्छ ।

भृकुटीले बुवाको आग्रहलाई नकार्न सक्नुभएन । तर तिब्बत जानका लागि अक्षोभ्य (इष्टदेव महाकरुणामय स्वयम्भू शाक्य बुद्ध मूर्ति), धर्मचक्रप्रवर्त मैत्रेय बुद्ध र चन्दनको आर्यताराको मूर्ति, रत्न, न्याना वस्त्रकपडा, कश्यप बुद्धद्वारा प्रतिष्ठापित धर्मचक्रप्रवर्त, मैत्रेय चन्दनघोषिका तारा र देवराज इन्द्रले पुजिएका स्वयम्भू बोधिभद्र शाक्यमुनिका मूर्तिहरू साथमा लिएर जान राजी हुनुभयो । बुवा पनि सहमत हुनुभयो (गमपो : पृ. एक्स १५-१८) ।

यसरी छोरीको तिब्बती राजासँग बिहे गर्ने इच्छा भइसकेपछि भृकुटीलाई अन्माउनुपूर्व बुवा राजा उदयदेवले यस्तो उपदेश दिनुहुन्छ, जुन आज पनि हाम्रा महान् एशियाली विवाहित नारीहरूका लागि अमूल्य वरदान सावित हुन सक्छन् । आज पनि आ-आफ्ना सौभाग्यवती छोरीहरूलाई विवाहमा अनमाउने बेलामा भृकुटीले पाउनुभएका यी नैतिक आचार, विचार, व्यवहार हस्तान्तरण गर्ने परिपाटी, रीतिस्थितिको विकास गर्न सकियो भने गृहस्थ जीवन गुणधर्म कल्याणकारी, नीतिसंगत, न्यायसंगत हुन सक्छ । छोरी भृकुटीलाई बुवा उदयदेवले आशीर्वादको रूपमा दिनुभएका उदयोपदेशहरू यस्ता छन् : छोरी तिमीले हेर्ने दृष्टिकोण आकाशभन्दा खुला राख्नु । कहिल्यै नहड्बडाउनु, हतार नगर्नु । आफ्नो सिद्धान्तपूर्ण उद्देश्यलाई हिमालभन्दा उँचो राख्नु । हाँस्दा कमलको फूल खुले जस्तो गरी हाँस्नु, तिम्रो कार्य कपटरहित कमल जस्तो स्वच्छ रहोस् ।

अनि मानव जीवनलाई सार्थक बनाउने काम गरे । उठ्दा, बस्दा आफ्नो शरीरलाई कुप्रो नपारी (गर्धन, ढाड) सिधा राखे । तिम्रो चरित्र सुदृढ वस्त्रग्रन्थि जस्तै नखुस्कने दृढ रहोस् । तिम्रो स्वभाव मसिनो मलमल जस्तो कमलो होस् । मनलाई सेतोभन्दा सफा राखे, तिम्रो बुद्धि नैनसुत जस्तो स्वच्छ रहोस् । बोल्दाखेरी औषधिले काम गरे जस्तो गरी मीठो, मसिनो बोल्नु । मौरीले जस्तै बचत गर्ने बानी बसाल्नु ।

अनि आफ्नो श्रीमान्सँग मनलाई उज्यालो बादल जस्तो सफा राख्नु । छोरी तिमीले सिक्ने, सुन्ने आफ्नो बल, बुद्धिमानीपूर्ण क्षमतालाई सागरभन्दा गहिरो विशाल क्षमता राख्नु । हात कमलको फूलभन्दा सफा राखे, ती हातहरू वैद्यराजको झोला झैं जे चाह्यो त्यो दिन सक्ने परोपकारी रहुन् । आफूभन्दा सानालाई छोराछोरी जस्तो माया गर्नु, दीन-दु:खीजनप्रति छोराछोरीलाई जस्तो कल्याण गर्नु ।

असल मान्छेहरूलाई देवता समान मान्नु । खाना खाने बेलामा औषधि खाएको जस्तो गरी ठिक-ठिक मात्रा मिलाएर खानु । औषधिले जस्तो अरूको कल्याण गर्नु । सूर्य-चाँद जस्तो उज्यालो सफा व्यवहार गर्नु । धार्मिक, नैतिक विधि-व्यवहारको पालना गर्नु (गमपो : पृ. एक्स १९ र २०) ।

यस्तै पृथ्वी जस्तो (सहनशील) क्षमाशील हुनु । तिम्रो पढाइ लेखाइ बिजुली जस्तो तेजिलो रहोस् । आफ्ना साथीसंगीलाई समादर, सत्कार गर्नु । सज्जनहरूमा स्वामीलाई जस्तैगरी मान राख्नु । प्राणी मात्रमा मातृत्व व्यवहार गर्नु । पापकर्मलाई विष जस्तो गरी त्यागिदिनु । कुशल कर्ममा बाबुले झैं (चाँडै) लाग्नु । पार्श्ववर्तीजनसँग विवाद नगर्नु ।

यस्तै आफ्ना दाजुभाइ बन्धु सबैको प्रिय बन्नु । परोपकारमा लागिरहनु (नेपाल ज्ञानमणि, ‘नेपाल-भोट चीन सम्बन्धका केही सांस्कृतिक पक्ष’, वि.सं. २०४५: ११-१२) । त्यसपछि बेहुली भृकुटीलाई वि.सं. ६८९ चैतको तेस्रो हप्ता ताका नेपाल (खोपासी) बाट अन्माइन्छ । वि.सं. ६९० असारको तेस्रो हप्ता तदनुसार सन् ६३३ को जून/जुलाई ताका भृकुटीलाई ल्हासा पुर्‍याएको अध्ययनबाट देखिन्छ (थापा, ‘भृकुटी’ : ३३) ।

नेपालकी राजकुमारी तिब्बतकी महारानी भृकुटीले बुवाका यी आशीर्वादहरूलाई उच्चशिरमा राखी भोट, तिब्बतमा आफ्ना प्यारा राजासँग मिलेर जीवनभरि गृहस्थ राजकीय धर्म सम्पादन गरिलिनुभएको इतिहास एशियाली नेपाल-चीन (तिब्बत) सामु साक्षी, विश्वसामु चिरपरिचित रहँदै आएको स्मृति भुल्न सकिँदैन ।

निष्कर्ष: यसरी हाम्रो वर्तमान १३९१ वर्ष अगाडिको ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक संगठनको गहिरो शक्तिशाली जगमाथि उभिएको छ । त्यसकारण नेपाल-भोट (चीन) सम्बन्धको सेतु कमजोर छैन । एशियाली सभ्यताको बीजारोपणलाई समयक्रमसँगै मलजल गरी अगाडि बढ्दैछौं ।

*(साभार: अनलाइनखबर)*

# हतियार राख्ने प्रहरीको सिरानीमा पुस्तक

काभ्रे/सधैँ हतियार सिरानी हालेर सुत्ने प्रहरीहरू हिजोआज सिरानीमा किताब राखेर सुत्न थालेका छन् । जिल्ला प्रहरी कार्यालय, काभ्रेले पछिल्लोपटक ल्याएको घुम्ती पुस्तकालय (मोबाइल लाइब्रेरी) को अवधारणापछि प्रहरीहरू सिरानीमा पुस्तक राखेर सुत्न थालेका हुन् ।

पढ्ने बानीको विकास, व्यक्तिगत तथा सामाजिक जीवनमा समेत सकारात्मक टेवा पुर्‍याउने उद्धेश्यले यो अभियान थालिएको प्रहरी उपरीक्षक बसुन्धारा खड्का बताउँछिन् ।

उनका अनुसार जिल्ला मातहत रहेका प्रहरी इकाइमा कार्यरत प्रहरीलाई फुर्सदको समयमा पढ्ने बानीको विकास गराउन यस्तो अभियान थालिएको हो ।

प्रत्येक प्रहरी चौकीमा रहेका पुस्तकहरू एकपटक पढिसकेपछि अर्को चौकीमा स्थानान्तरण गर्ने नीति जिल्ला प्रहरी कार्यालयको रहेको खड्काले बताइन् ।

प्रत्येक ३० दिनमा विभिन्न प्रहरी इकाईहरूमा उपलब्ध पुस्तकहरुलाई आवश्यकता पहिचान गरी आलोपालो गरिने र वार्षिक कार्यतालिका नै बनाएर पुस्तक वितरण गरिने उनको भनाइ छ ।

अध्ययनका लागि उत्प्रेरणा जगाउन फोकल पर्सन राखिने योजना छ ।

जिल्ला प्रहरी कार्यालय काभ्रेका अनुसार, इलाका प्रहरी कार्यालय बनेपा, प्रहरी चौकी दोलालघाट, पाँचखाल, खावा, पनौती, कानपुर, कातिकेदेउराली, खानीखोला, देवीटार, काभ्रे भन्ज्याङ लगायत २६ वटा चौकीलाई आवश्यक पुस्तक हस्तान्तरण गरिएको छ ।

काभ्रेका दुर्गम केही चौकीहरूमा बिजुली र इन्टरनेट नपुगेको ठाउँमा झन् प्रभावकारी हुने जिप्रका, काभ्रेका सूचना अधिकारी मिन बहादुर घले बताउँछन् । उनका अनुसार प्रहरी चौकीमा रहेका पुस्तकहरू स्थानीयलाई पनि पढ्नका लागि उपलब्ध गराइनेछ ।

जिल्लामा रहेका ४२ वटा प्रहरी चौकीमा कार्यरत ५ सय ८० प्रहरी छन् । सबै प्रहरीलाई एउटा पुस्तक पुग्नेगरी संकलन गर्ने र पढिसकेपछि जहाँ नजिक चौकी पर्छ त्यस ठाउँमा हस्तान्तरण गरिने व्यवस्था मिलाइएको छ ।

पुस्तकालय सुरु भएसँगै प्रहरीसँग चार सयभन्दा बढी थान पुस्तक संकलन भइसकेका छन्रु। प्रहरीले लघुकथा, घरेलु उपचार विधि र समुदायसँग नजिक हुने उपन्यासलाई धेरै मन पराएका छन् ।

त्यस्तै, इलाका प्रहरी कार्यालय मंगलटारमा समेत छुट्टै पुस्तकालय र बहुउद्देश्यीय हल संचालनमा ल्याइएको छ ।

नेपाल प्रहरीको नवप्रवर्द्धनात्मक कार्य अन्तर्गत ‘नागरिक प्रहरी पुस्तकालय’ स्थापना गरिएको इलाका प्रहरी प्रमुख प्रहरी निरीक्षक कृष्ण गिरीले जानकारी दिए ।

अहिले स्थानीय नागरिक तथा विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरूले समेत पुस्तकालयको प्रयोग गर्ने गरेको इलाका प्रहरी प्रमुख प्रहरी निरीक्षक गिरीले जानकारी दिए ।

पुस्तकालयमा कानूनको १९ वटै खण्डका पुस्तकहरु, साहित्यिक पुस्तकहरु (अङ्ग्रेजी–नेपाली दुवै भाषा), सबै प्रकृतिको धार्मिक पुस्तकहरु, सरकारी सेवा प्रवेश पूर्व तयारी सम्बन्धी पुस्तकहरु, नेपाल प्रहरीद्वारा प्रकाशित पुस्तकहरु रहेको तथा आवश्यकतानुसार यसलाई बढाउँदै लैजाने इलाका प्रहरी कार्यालय मंगलटारले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# को हो ‘पिताम्बर’ ?





काठमाडौं/नेपालमा मल्टीस्टारर फिल्म कमै बन्ने गरेका छन् । यसको पछाडि विभिन्न कारण छन् । सबैभन्दा ठूलो कारण कलाकारहरुबीचको ‘इगो’लाई मानिन्छ ।

यद्यपि, बेला बखतमा एउटै फिल्ममा ‘स्टार’ कलाकारहरुको जमघट देखिने गरेको छ । पछिल्लो पटक ‘पूजार सार्की’मा त्यो देखिएको थियो । अब यही चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘पिताम्बर’मा पनि स्टारहरुको जत्था छ ।

कृषा चौलागाईंको निर्देशनमा बनेको यो एक्सनप्रधान फिल्ममा दयाहाङ राई, सौगात मल्ल, प्रदीप खड्का, सुरक्षा पन्त, गौरी मल्ल, आर्यन सिग्देल, दिव्यदेव पन्त, प्रमोद अग्रहरी, सुपुष्पा भट्ट, अनुपविक्रम शाही, दिव्या रायमाझी जस्ता नाम चलेका कलाकारहरुको अभिनय छ । कलाकारका कारण फिल्मको ‘हाइप’ पनि राम्रो बनेकाले सुरूवाती व्यापार आक्रामक हुनसक्ने प्रक्षेपण गरिएको छ ।

तर, छायांकनको बेलादेखि फिल्ममा पिताम्बरको भूमिकामा को देखिँदैछ भन्ने खुलाइएको छैन । यो दर्शकका लागि समेत चासोको विषय बन्न थालेपछि निर्माण टिमले थप कौतुहलता बढाउन पुरुष कलाकारहरुको लुक्ससहितको ‘म हो पिताम्बर’ लेखिएको पोस्टर निकालिरहेको छ । त्यसमा सौगातदेखि प्रमोदसम्मको पोस्टर छ । अब पिताम्बर चाहिँ को हो, त्यो फिल्म रिलिजपछि नै खुल्नेछ ।

केपी फिल्म्सका विशाल चौलागाईंको निर्माण रहेको फिल्ममा प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा तथा संवाद, पुरुषोत्तम प्रधानको डीओपी, शेरबहादुर लामा र मानकृष्ण महर्जनको छायांकन, बन्दे प्रसादको सम्पादन, आशिष अविरल र बाबुल गिरीको संगीत, कविराज गहतराजको कोरियोग्राफी र हिमाल केसीको द्वन्द्व छ । फिल्मको ‘म त फ्यान भएँ यार’ गीत यतिबेला चर्चामा छ ।

*(स्रोत: फिल्मीखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ‘प्रतिष्ठानबाट सुविधा लिएर त्यसको कर्मचारी हो भन्न नसक्नेले राजीनामा दिनुपर्छ’




साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/ बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले केही व्यक्तिको निजी स्वार्थको कारण मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको बिरोध भइरहेको बताएका छन् ।

राजनीतिक पूर्वाग्रह राखेर केही तत्वहरुले प्रतिष्ठानको विरोध गरेको गरिरहेको उनको बुझाई छ । नेकपा एमाले निकट राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ, नेपाल जिल्ला समिति मकवानपुरको चौथो अधिवेशनको उद्घाटन गर्दै उनले प्रतिष्ठानको विरोधमा केही पक्षको निहितस्वार्थ लुकेको बताए । विगतदेखि हेटौंडा अस्पतालमा भइरहेको चलखेल अन्त्य हुने डरले केही तत्वहरु प्रतिष्ठानको बिरुद्धमा लागेको उनको धारणा छ ।

कतिपय चिकित्सकले पनि आफूलाई प्रतिष्ठानको कर्मचारी भन्न नसकेकोमा समेत उनले असन्तुष्टि व्यक्त गरे । प्रतिष्ठानबाट सेवा सुविधा लिएर प्रतिष्ठानको कर्मचारी हो भन्न नसक्नेले तत्काल राजीनामा दिन पनि उनले सुझाव दिए । फरक प्रसंगमा पूर्वमुख्यमन्त्री पौडेलले एमालेको नेतृत्वमा सरकार बन्दा मात्र परिवर्तनको संकेतहरु देखापर्ने बताए तर, राजनीतिक नेतृत्वको चाहानामा मात्रै काम गर्न नसकिने उनको भनाई छ ।

ज्ञानेन्द्रकालीन ब्युरोक्रेसीको चिन्तन र मानसिकताको कारण अहिलेको नेतृत्वले काम गर्न सक्ने अवस्था नरहेको उनको भनाई छ । पूर्वमुख्यमन्त्री पौडेलले आफ्नो नेतृत्वको सरकारले ४२ महिनामा गरेको काम अबको ४२ वर्षमा पनि हुन नसक्ने दाबी गरे । प्रदेश राजधानीमै सरकार र मन्त्रीहरुलाई भेट्न मुश्किल भएको उनले बताए । पूर्वमुख्यमन्त्री पौडेलले स्वास्थ्यकर्मीको सानो त्रुटीबाट पनि गम्भीर घटना हुन सक्ने भएकोले जिम्मेवार भएर काममा लाग्नुपर्नेमा जोड दिए ।

त्यसैगरी बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले प्रदेश निजामती सेवा ऐन र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन संशोधनको प्रक्रियामा रहेको बताए । उनले स्वास्थ्यक्षेत्रको विकासमा प्रदेश सरकार लागिरहँदा स्वास्थ्यकर्मीको पेशागत हकहितको विषयलाई उत्तिकै प्राथमिकता राखेको बताए । अधिवेशनले नयाँ कार्यसमिति समेत चयन गरेको छ । आगामी नेतृत्वका लागि स्वास्थ्यकर्मी संघको अध्यक्षमा उत्सव चौंलागाईं सर्वसम्मत चयन भएका छन् । त्यस्तै उपाध्यक्षमा लक्ष्मी पौडेल, सानी मोक्तान, सचिवमा हीरा तामाङ, कोषाध्यक्षमा समाधि बल, उपसचिवमा सविता पौडेलसहित १५ सदस्यीय टोली चयन भएका छन् ।

# बागमती प्रदेशको खर्च निराशाजनक

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/ बागमती प्रदेश सरकारले चालु आव २०८१/८२ को साउनदेखि फागुन महिनासम्ममा कूल बजेटको करिब २५ दशमलव ६२ प्रतिशत मात्र खर्च गर्न सफल भएको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी ईन्दराज सत्यालका अनुसार चालु आवका लागि प्रदेश सरकारले बिनियोजन गरेको ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँमध्ये आठ महिना सकिँदा १० अर्ब ५० करोड २९ लाख नौ हजार रूपैयाँ मात्र खर्च भएको छ । चालु खर्चको तुलनामा पुँजीगततर्फको बजेट कम खर्च भएको उनको भनाइ छ । यो अवधिमा चालुतर्फ ३५ दशमलव २२ प्रतिशत र पुँजीगततर्फ १९ दशमलव ९४ प्रतिशत बजेट खर्च भएको छ ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधीवक्ताको कार्यालयले ४७ दशमलव ६९ प्रतिशत, प्रदेशसभा सचिवालयले ३८ दशमलव २२ प्रतिशत बजेट खर्च गरेको छ । सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले ९ दशमलव ७९ प्रतिशत बजेट खर्च गरेको सूचना अधिकारी सत्यालले बताए । चालु आवको दोस्रो चौमासिकसम्म चालुखर्च बढी हुने र पुँजीगतखर्च कम हुने गरेको छ । योजना कार्यान्वयनमा जान नसकेकाले खर्च कम देखिएको बताइएको छ ।

बागमती प्रदेशको राजस्व संकलन हरेक वर्ष घट्दै गएको छ । चालु आवको आठ महिनाअवधिमा बागमती सरकारले लक्ष्यको ३८ दशमलव १३ प्रतिशत मात्र राजस्व संकलन गर्न सकेको छ । सूचनाअधिकारी सत्यालका अनुसार प्रदेश सरकारले राजस्व बाँडफाँडबाट २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेकामा यो अवधिमा लक्ष्यको ४७ दशमलव ०३ प्रतिशतअर्थात् १३ अर्ब ९० करोड २७ लाख ६८ हजार रुपैयाँ मात्र राजस्व संकलन गरेको छ । संघीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख अनुदान प्राप्त हुने अनुमान गरिएकामा चालु आवको आठ महिनामा लक्ष्यको ५२ दशमलव ५८ प्रतिशत अर्थात् ८ अर्ब १८ करोड ९९ लाख ६४ हजार अनुदान प्राप्त भएको छ ।

प्रदेश सरकारको आन्तरिकस्रोतबाट ४ अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य रहेकामा यो अवधिमा लक्ष्यको ५२ दशमलव ४१ प्रतिशत अर्थात् दुई अर्ब ३७ करोड ८५ लाख ८८ हजार रुपैयाँ राजस्व संकलन भएको सूचनाअधिकारी सत्यालले बताए । अघिल्लो आवमा प्रदेशको राजस्व ९ अर्ब तीन करोड ३१ लाख २७ रुपैयाँ कम संकलन भएको थियो ।

प्रदेश सरकारले आव २०८०/८१ मा राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त राजस्व, प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्व र संघीय सरकारबाट प्राप्त अनुदानबाट ४८ अर्ब २५ करोड ४३ लाख ७५ हजार रुपैयाँ राजस्व संकलन हुने अनुमान गरिएकामा ती सबै शीर्षकबाट ३९ अर्ब २२ करोड १२ लाख ४७ हजार मात्र राजस्व संकलन भएको थियो । आव २०७९/८० मा पनि बागमती प्रदेश सरकारले अनुमान गरेको भन्दा १७ प्रतिशत कम राजस्व संकलन गरेको थियो ।

प्रदेश सरकारले आव २०७९/८० मा ५५ अर्ब ३१ करोड राजस्व संकलनको अनुमान गरेकोमा ४५ अर्ब ८ करोड राजस्व संकलन गरेको थियो । संघीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आयकर, प्राकृतिक स्रोत उत्खनन दस्तुर, मालपोतलगायत राजस्व संकलनमा आएको कमी र आर्थिक मन्दीका कारण संघीय सरकारले केही कार्यक्रम कटौती गर्नुजस्ता कारणले राजस्वमा कमी आएको बागमती प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौंडाले जनाएको छ ।

# व्यवसाय सञ्चालन हुनुपर्छ भन्ने पक्षमा छौं: नगरप्रमुख लामा




साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले रात्रिकालीन व्यवसायको पक्षमा उपमहानगर रहेको बताएकी छन् ।

शनिबार भएको मकवानपुर होटेल एशोसियएनको १६ औं साधारण सभा एवम् ७ औं अधिवेशनमा बोल्दै उनले प्रदेश राजधानी हेटौंडामा २४ सैं घण्टा व्यवसाय सञ्चालन हुनुपर्छ भन्ने मान्यता आफूहरुको रहेको बताइन् । त्यसको लागि अनुशासन र सुरक्षाको जिम्मेवारी सबैपक्षले लिनुपर्ने उनको भनाई छ । नगर प्रमुख लामाले हेटौंडा सहरलाई मर्यादित, सुरक्षित बनाउने गरी होटेल व्यवसाय सञ्चालन गर्नुपर्ने बताइन् । उनले हेटौंडामा आएका पर्यटकलाई हेटौंडामै केहीदिन बस्नसक्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिइन् । नगरप्रमुख लामाले राप्ती र कर्रा खोलालाई पर्यटकीय स्थलको रुपमा विकास गर्ने प्रक्रिया अघि बढिसकेको बताइन् ।

त्यसैगरी कार्यक्रममा होटल व्यवसायी महासंघ नेपालका केन्द्रीय अध्यक्ष दिनेशकुमार चुकेले पुराना ऐनमै टेकेर आफूहरुले काम गर्नुपरेको बताएका छन् । संघ र प्रदेश सरकारको पर्यटन ऐनलाई संशोधनको लागि विगतदेखि आवाज उठाउँदा अहिलेसम्म संशोधन हुन नसकेकोमा उनले असन्तुष्टि जनाए । अध्यक्ष चुकेले पर्यटनको क्षेत्रमा सरकारले विनियोजन गरेको बजेट कहाँ र कसरी खर्च हुन्छ आफूहरुलाई नै थाहा नभएको बताएका छन् ।

यसैगरी मकवानपुरकी प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले नेपालको पर्यापर्यटनलाई टेवा पुग्ने गरी होटल व्यवसाय सञ्चालन गर्नुपर्ने बताइन् । सुस्ताएको अर्थतन्त्रलाई माथि उठाउन पहिचान भएका गन्तव्यको विकास गर्न जरुरी भएको उनको भनाई छ । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले नेपाललाई पर्यटनको दृष्टिकोणले विश्वकै सुरक्षित र आकर्षक स्थानको रुपमा चिनाउनुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा २ जना पुराना होटल व्यवसायी बुद्धिबहादुर लामा र अमृतरत्न मानन्धरलाई सम्मानित गरिएको थियो । त्यसैगरी संस्थाको योगदानमा सहयोग पुऱ्याउने व्यक्तित्वलाई पनि कदर पत्र प्रदान गरिएको थियो । अधिवेशनले पुन: दिलिशगोविन्द जोशीको नेतृत्वमा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । वरिष्ठ उपाध्यक्षमा २ नं. वडा अध्यक्ष विष्णुगोपाल महर्जन, उपाध्यक्षमा धनबहादुर पौडेल (कल्याण), महासचिवमा हरिगोपाल सापकोटा, कोषाध्यक्षमा रविन लामा, सचिवमा उमाप्रसाद रौनियार र सहकोषाध्यक्षमा रविन लामा चयन भएका छन् । नयाँ समितिको कार्यकाल ३ वर्षका हुनेछ ।

# राजतन्त्र अन्त्यपछि पहिलोपटक कुलदेवता सम्झँदै पुर्ख्यौली थलोमा ज्ञानेन्द्र

गोरखा, ९ चैत/ राजतन्त्र अन्त्यपछि पूर्वराजा ज्ञानेन्द्र शाह पहिलोपटक शनिबार पुर्ख्यौली थलो गोरखा पुगेका छन् । जानकारहरूका अनुसार, उनी विसं २०६२ मा नागरिक अभिनन्दनका क्रममा गोरखा पुगेका थिए । शाहवंशीय राजाहरूको कुलदेवता मानिने गोरखकाली र गोरखनाथ मन्दिरको दर्शनका लागि पूर्वराजा शाह शनिबार गोरखा पुगेका हुन् ।



उनले मन्दिरमा पूजाअर्चनाका लागि झण्डै दुई घण्टा समय बिताए । नागरिक स्वागत समाज, गोरखाका सदस्य होम सिं बस्न्यातका अनुसार, शाहले यसबीचमा कुलदेवताको पूजाका लागि दक्षिणा पठाउने गर्थे । यसपटक भने शाह आफैं गोरखा पुगेर कुलदेवताको पूजाअर्चनामा सहभागी भएका छन् ।

‘गोरखकाली मन्दिर शाह वंशका कुलदेवता हो, पहिले कतिपय बेला आफैं आउने र आउन नभ्याएको बेला दक्षिणा पठाउने गर्नुहुन्थ्यो,’ बस्न्यातले संचारकर्मीसँग भने, ‘राजतन्त्र गएपछि पूजा गर्न पनि आउनुभएको छैन, दक्षिणा पनि पठाउनु भएको छैन ।’

पुर्ख्यौली थलोमा आउन पाउँदा आफूलाई खुसी लागेको प्रतिक्रिया शाहले दिएका छन् । कुलदेवताको पुजाआजा सकेर फर्कने क्रममा उनले केही सन्देश पनि दिएका छन् । देशमा शान्ति नभएको, कोही पनि केही गर्न डराउनु पर्ने अवस्था नभएको र शान्ति र विकासका लागि कामना गरेको पूर्वराजा शाहको भनाइ छ ।

नागरिक स्वागत समाजले प्रत्येक वर्ष पुर्ख्यौली थलो गोरखा आउन आग्रह गर्दै पूर्वराजा शाहलाई ज्ञापन पत्र पनि बुझाएको छ । उक्त ज्ञापन पत्रमार्फत जनशक्ति तथा खर्च कटौतीका कारण गोरखकाली र गोरखनाथ पूजाआजामा परेको कठिनाइलाई सहज बनाइदिन माग गरिएको छ ।

भेटघाटकै क्रममा उनले एक सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया पनि दिए । ‘कसैले कसैको पनि कुभलो नचिताओस्, भलो चिताओस् भन्ने मेरो कामना छ,’ उनले भनेका छन्, ‘कोही पनि केही गर्न डराउनु पर्दैन । देशमा शान्ति कायम होस् । देशमा विकास होओस् । सबैलाई सुख र समृद्धि होस् भन्ने कामना गर्दछु ।’

**पूर्वराजाको स्वागतमा के-के भयो ?**

पञ्चेबाजासहित तनहुँको आँबुखैरेनीबाट मोटरसाइकल ऱ्याली गरेर शाहलाई गोरखा दरबार पुऱ्याइएको थियो । सवारीमा शिव सेना, राष्ट्रिय सरोकार मञ्च नेपाल लगायतका स्वयंसेवक समूहहरूको सहभागिता थियो । बिहान १० बजे गोरखा दरबार पुगेका उनी १२ बजेसम्म पूजाआजामा व्यस्त रहे ।

पुजाअर्चनापछि उनले भूकम्पपछि पुनर्निर्माण भएको गोरखा दरबार अवलोकन गरे । उनले बज्रभैरवको टिका र प्रसाद ग्रहणसमेत गरेका थिए । शनिबार चैत्र कृष्णअष्टमी गोरखकाली पूजा समेत रहेकाले सोही अवसर पारेर पूर्व राजा शाहले भ्रमणको कार्यक्रम तय गरेको उनको सचिवालयले बताएको छ ।

उनको स्वागत गर्न राजसंस्था तथा राजतन्त्रप्रति आस्था राख्ने व्यक्ति, संस्था तथा पार्टीका कार्यकर्ताहरू सम्मिलित १५१ सदस्यीय नागरिक समाज गठन भएको थियो । ज्ञानेन्द्रको भ्रमणको क्रममा उनीहरूले ‘राजा आऊ, देश बचाऊ’, ‘हाम्रो राजा, हाम्रो देश प्राणभन्दा प्यारो छ’, ‘नेपाली जनता के भन्छ, राजतन्त्र ले भन्छ’, ‘गणतन्त्र मुर्दावाद’, ‘हिन्दू राष्ट्र घोषणा गर’ लगायतका नारा लगाए ।

गोरखकाली र गोरखनाथको पूजाआजा सकेपछि करिब एक बजे उनी ठूलोआँगनस्थित गोरखा संग्रहालय परिसरमा स्थानीयको स्वागत ग्रहणसँगै भेटघाटमा व्यस्त भए । शाह दिउँसो करिब दुई बजेतिर चितवनको कुरिनटारस्थित रिभरसाइड रिसोर्टमा फर्केका छन् । शुक्रबार साँझ पनि उनी त्यही बसेका थिए ।

आइतबार बिहान मनकामना मन्दिर दर्शन गर्ने कार्यक्रम रहेको पूर्वराजा शाहका संवाद सचिव फणिराज पाठकले बताए । ‘भोलि नितान्त पूजाआजा मात्र हो, कुनै भेटघाट कार्यक्रम छैन, पुजा सकेर सिधै काठमाडौं फर्कन्छौं,’ पाठकले संचारकर्मीसँग भने ।

*(स्रोत: अनलाइनखबर)*

# देश र संसार बुझ्न कविता प्रभावशाली माध्यम हो: पूर्वराष्ट्रपति भण्डारी

काठमाडौं, ९ चैत/ पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले समाज विकासमा भाषा, कला र साहित्यको भूमिका महत्वपूर्ण रहेको चर्चा गर्दै यसको संरक्षण एवं प्रवर्द्धनका ध्यान दिनुपर्ने बताएकी छिन् ।

मदन भण्डारी फाउण्डेशनले शनिबार काठमाडौंमा आयोजित कवि तीर्थ श्रेष्ठको एकल कवितावाचन कार्यक्रममा उनले कविताले समाजको यर्थाथ चित्रण गर्ने बताइन्।

कवि श्रेष्ठको ‘श्वेत शार्दूल एक यात्रा कविताको शिविर’ कार्यक्रममा पूर्वराष्ट्रपति भण्डारीले आफू पहिलो पटक एकल कविता वाचन कार्यक्रममा सहभागी हुन पाएको अनुभव व्यक्त गर्दै यस्ता कार्यक्रमको निरन्तरताका लागि आयोजकको ध्यानार्कषण गराइन् ।

‘समाजलाई यर्थाथ कुरा जानकार गराउने विभिन्न माध्यम हुन्छन्, कविता एउटा यस्तो प्रभावशाली माध्यम हो, जसबाट एकैछिनमा देश र संसारलाई बुझ्ने अवसर प्राप्त हुन्छ’, उनले भनिन्, ‘धेरै आयोजक हुनुहुन्छ, जिल्लादेखि केन्द्र र अन्तरराष्ट्रिय क्षेत्रमा यस्ता कार्यक्रम गर्न सबैले आआफ्नो तर्फबाट प्रयासलाई निरन्तरता दिनुपर्छ ।’

कवि श्रेष्ठले नेपाली जनजीवनमा गर्नसक्ने काम आफूले लेखनमार्फत गर्ने प्रतिबद्धता व्यक्त गरे । फाउण्डेशनका अध्यक्ष उषाकिरण भण्डारीले कवि श्रेष्ठको साहित्य रचनाले नेपाली साहित्य र भाषा अध्ययनमा सहयोगी हुने बताइन् ।

उनले राष्ट्रियताको सोच र चिन्तनलाई भावी पुस्तासम्म हस्तान्तरण गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गरिन् ।

# सेभेन ‘ए’ साईड महिला फुटबल प्रतियोगिता २०८१ हुने

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/ हेटौंडामा दोस्रो एएफयु सेभेन ‘ए’ साईड महिला फुटबल प्रतियोगिता २०८१ हुने भएको छ ।

शनिवार कृषि तथा वनविज्ञान विश्वविद्यालय वनविज्ञान संकाय हेटौंडाले पत्रकार सम्मेलनको आयोजना गर्दै प्रतियोगिता बारे जानकारी गराएको हो ।

हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रगंशालामा आईतबार देखि बुधवारसम्म प्रतियोगिता हुनेछ । आयोजकका अनुसार प्रतियोगितामा कृषि संकाय, रामपुर, चितवन, वनविज्ञान संकाय, हेटौंडा, मकवानपुर, प्राकृतिक श्रोत व्यवस्थापन कलेज पाखिबास, धनकुटा, प्राकृतिक श्रोत व्यवस्थापन कलेज कटारी, उदयपुर, प्राकृतिक श्रोत व्यवस्थापन कलेज बर्दिबास, महोत्तरी, प्राकृतिक श्रोत व्यवस्थापन कलेज मरिण, सिन्धुली, प्राकृतिक श्रोत व्यवस्थापन कलेज पुरुञ्चौर, कास्की, प्राकृतिक श्रोत व्यवस्थापन कलेज माडिचौर, रोल्पा र प्राकृतिक श्रोत व्यवस्थापन कलेज टीकापुर, कैलाली गरी नौ टिमको सहभागिता रहने छ ।

प्रतियोगिताको विजेता टिमले नगद ५० हजार रुपैयाँ र उपविजेता टिमले नगद २५ हजार रुपैयाँ शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट र विभिन्न विधामा उत्कृष्ट खेलाडीलाई ट्रफि प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिता सम्पन्न गर्न ४ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकले गरेको छ । हेटौंडा उपमहानगरपालिका र हेटौंडा स्कुल अफ म्यानेजमेन्टको मुख्य आर्थिक सहयोगमा पुस्कार व्यवस्थापन गरिएको आयोजकले जनाएको छ ।

२०६९ सालमा स्थापना भएको यस विश्वविद्यालयले विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गर्दै आएको छ । २०७० सालदेखि कृषि संकाय, पशुचिकित्सा, पशुविज्ञान तथा मत्स्यविज्ञान संकाय र वनविज्ञान संकायमा कृषि, पशु चिकित्सा, मत्स्यविज्ञान तथा वनविज्ञान विषयमा स्नात्तक, स्नातकोत्तर र विद्यावारिधि तहमा विद्यार्थी भर्ना गरी अध्यापन गराउँदै आएको छ । हाल यस विश्व विद्यालयमा ४ हजार ५ सय विद्यार्थी अध्ययन गर्दै आएका छन् ।

हेटौंडा उपमहानगरपलिका
**४ नं. वडा कार्यालय**
नगर विकास रोड, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**व्यवसाय दर्ता सम्बन्धी सार्वजनिक सूचना !**

हेटौंडा उपमहानगरपालिका वडा नं. ४ भित्र विभिन्न व्यवसाय गरिरहेको तर व्यवसाय दर्ता नगरेका तथा घर बहाल कर नतिरी बस्नु भएका व्यवसायीहरुले यथाशिघ्र हेटौंडा उपमहानगर पालिकामा व्यवसाय दर्ता गरी घर बहाल कर समेत तिर्नुहुन सविनय अनुरोध गर्दछौं ।

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



“नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !”

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

**खाना पकाउने ग्यास प्रयोगमा सावधानी अपनाऔं**

☞ सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री बालवालिकाले भेट्ने गरी नराखौं,
☞ ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं,
☞ ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
☞ प्रयोग मिति यकीन गरेर मात्र ग्याँस सिलिण्डर खरिद गरौं,
☞ ग्याँस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं,
☞ आवश्यकताभन्दा बढी ग्याँस सिलिण्डर सञ्चय नगरौं,
☞ कुनै खराबी वा टुटफूट भए तुरुन्त मर्मत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना